हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड
हात्तीसार, काठमाण्डौं।

# कम्पनीको दशौं वार्षिक साधारण सभामा भएको काम कारबाहीको विवरण (माइन्यूट)

यस हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको दशौं वार्षिक साधारण सभा मिति २०७८ साल पौष २२ गते बिहीवार बिहान ९:०० बजेदेखि कम्पनीको कार्यालय, हात्तीसार, काठमाण्डौमा बस्यो। साधारण सभाको उपस्थिति, प्रस्तावहरु, छलफल, सूचना प्रकाशन, गणपूरक संख्या, सभाको वैधानिकता, अध्यक्षता, सभा सञ्चालन तथा प्रतिवेदन प्रस्तुति, निर्णयहरु तथा अन्य काम कारवाहीको विवरण निम्न अनुसार रहेको छः-

**सभामा उपस्थितिः**

<u>सञ्चालकहरुको उपस्थिति</u>

१. श्री देवेन्द्र कार्की -अध्यक्ष
सचिव, ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय

२. श्री भूपाल बराल -सञ्चालक
सहसचिव, अर्थ मन्त्रालय

३. श्री निर्मला अधिकारी भट्टराई -सञ्चालक
सहसचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

४. श्री रमण नेपाल -सञ्चालक
कार्यकारी निर्देशक, नागरिक लगानी कोष

५. श्री पराक्रम शर्मा -सञ्चालक
स्वतन्त्र सञ्चालक (चार्टर्ड एकाउन्टेन्ट)

६. डा. ई. मेग बहादुर विश्वकर्मा -सञ्चालक
स्वतन्त्र सञ्चालक (जलविद्युत विशेषज्ञ)

<u>शेयरधनीहरुको उपस्थितिः</u>

**(क) संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गरी स्वयम् उपस्थिति – जम्मा ७ जना**

१. श्री चिरञ्जीवी चटौत, सहसचिव
प्रतिनिधि, नेपाल सरकार, ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय

२. श्री शिव कुमार राई, शाखा अधिकृत
प्रतिनिधि, नेपाल सरकार, अर्थ मन्त्रालय

३. श्री राजाराम दाहाल, उपसचिव
प्रतिनिधि, नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

४. श्री ढुण्डीराज दाहाल, लेखा अधिकृत
प्रतिनिधि, नेपाल सरकार, महालेखा नियन्त्रक कार्यालय

५. श्री बिकाश भट्टराई, सहायक प्रवन्धक
प्रतिनिधि, कर्मचारीं सञ्चय कोष

६. श्री रेशम कृष्ण सोम पौडेल, सह व्यवस्थापक
प्रतिनिधि, राष्ट्रिय वीमा संस्थान

७. श्री अञ्जली आचार्य, उपनिर्देशक
प्रतिनिधि, नागरिक लगानी कोष

**(ख) सर्वसाधारण शेयरधनीहरु (समूह "ख") को उपस्थितिः**

- भर्चुअल माध्यम (ZOOM) बाट – ११ जना
- सञ्चालक निर्वाचन कार्यक्रममा उपस्थिति (प्रोक्सी समेत) – २७४ जना (४०,०६,२८३ कित्ता शेयर)

**कम्पनीका कर्मचारीहरुको उपस्थितिः**

१. श्री अर्जुन कुमार गौतम, प्रमुख कार्यकारी अधिकृत

२. श्री मुक्ति बोध न्यौपाने, नायव महाप्रवन्धक (वित्त)

३. श्री अरुण रजौरिया, नायव महाप्रवन्धक (हाइड्रो)

४. श्री वासुदेव भण्डारी, प्रमुख प्रवन्धक

५. श्री जिवन कुमार बस्नेत, प्रमुख प्रवन्धक/ कम्पनी सचिव

६. श्री रमेश पनेरु, वरिष्ठ प्रवन्धक

७. श्री कौशल राज अधिकारी, वातावरण तथा सामाजिक सुरक्षा अधिकृत

८. श्री दिपक पौडेल, लेखा अधिकृत

छलफलका विषयहरुः

१) साधारण प्रस्तावः

१) आर्थिक वर्ष २०७७/७८ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

२) आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७७/७८ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने।

३) श्री महालेखापरीक्षकको कार्यालयबाट प्राप्त परामर्श बमोजिम चालु आर्थिक वर्ष २०७८/७९ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

४) सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने १ (एक) जना सञ्चालकको निर्वाचन गर्ने।

२) विशेष प्रस्तावः

१) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई चुक्ता पूँजीको ८.००% (आठ प्रतिशत) का दरले हुने रू. १,४९,६०,००,०००।-(अक्षरेपी एक अर्ब उनान्पचास करोड साठी लाख मात्र) बराबरको बोनस शेयर र चुक्ता पूँजीको ०.४२१% (शून्य दशमलव चार दुइ एक प्रतिशत) का दरले हुने रू. ७,८७,३६,८४२.११ (अक्षरेपी सात करोड सतासी लाख छत्तीस हजार आठ सय बयालीस रुपैयाँ एघार पैसा मात्र) नगद लाभांश बितरण गर्न स्वीकृत गर्ने। *(कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) मा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको कम्पनीले नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र लाभांश वितरण गर्न सक्नेछ भन्ने व्यवस्था रहेकोले प्रस्तावित वोनस शेयर र नगद लाभांश नेपाल सरकारको स्वीकृति प्राप्त भए पश्चात मात्र वितरण गरिनेछ।)*

२) कम्पनीको प्रवन्धपत्र र नियमावलीमा संशोधन गर्ने।

३) कम्पनीको प्रवन्धपत्र र नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरूप आवश्यक समायोजन गर्न सञ्चालक समितिलाई अधिकार प्रदान गर्ने।

४) कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा कम्पनीवाट नेपाल सरकारद्वारा स्थापित "कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" मा रु. ८ लाख र राष्ट्रिय आविष्कार केन्द्रलाई रु. २ लाख सहयोग रकम भुक्तानी भएकोमा सो को अनुमोदन गर्ने।

३) विविध।

सभाको सञ्चालनः

यस सातौं वार्षिक साधारण सभाको कार्यक्रम दुई सत्रमा गरिको थियोः

१. पहिलो सत्र – सभाको वैधानिकताको यकिन तथा प्रस्तावहरु उपर छलफल तथा निर्णय

२. दोश्रो सत्र – सञ्चालकको निर्वाचन अन्तर्गत मतदान एवं परिणाम घोषणा।

# पहिलो सत्र – सभाको वैधानिकताको यकिन तथा प्रस्ताव उपर छलफल तथा निर्णय

१. **सूचना प्रकाशनः**

मिति २०७८/०८/२० गते बसेको सञ्चालक समितिको २५०औं बैठकको निर्णयानुसार कम्पनीको दशौं वार्षिक साधारण सभा सम्बन्धमा कम्पनी ऐन, २०६३ को दफा ६७ तथा कम्पनीको नियमावलीको नियम १८ अनुसार मिति २०७८/८/२५ गते कम्पनी ऐन, २०६३ को दफा ८४ बमोजिमको संक्षिप्त आर्थिक विवरण सहित नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रथम पटक तथा मिति २०७८/८/२६ गते कारोबार राष्ट्रिय दैनिकमा दोश्रो पटक गरी दुई पटक सूचना प्रकाशन गरी शेयरधनी महानुभावहरुलाई दशौं वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल गरिने विषयहरु तथा कम्पनीको संक्षिप्त आर्थिक विवरणका बारेमा जानकारी गराइएको थियो। साथै, मिति २०७८/९/८ गते कारोबार राष्ट्रिय दैनिकमा निर्वाचन कार्यक्रम प्रकाशित गरिएको सूचना प्रकाशित गरी शेयरधनीहरुलाई निर्वाचन कार्यक्रमका बारेमा जानकारी गराइएको थियो।

यस वार्षिक साधारण सभामा ZOOM Meeting नामको अनलाइन मिटिङ्ग प्लेटफर्म (Meeting ID: 4378597000) बाट शेयरधनीहरुले अभौतिक रुपमा सहभागिता जनाउन सक्ने व्यवस्था गरिएको थियो।

यसका अतिरिक्त दशौं वार्षिक साधारण सभाका बारेमा शेयरधनीहरुलाई सु-सूचित गराउन वार्षिक प्रतिवेदन, वित्तीय विवरण, निर्वाचन कार्यक्रमको विवरण, प्रवन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनको तीन महले विवरण लगायतका सूचना तथा जानकारीहरु कम्पनीको सूचना पाटी र कम्पनीको वेबसाइट www.hidcl.org.np मा समेत नियमित रुपले राखिएको थियो। साथै, आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण गरिएको आर्थिक विवरण तथा सञ्चालक समितिको प्रतिवेदन सहितको वार्षिक प्रतिवेदन कम्पनीको रजिष्टर्ड कार्यालय, हात्तीसार, काठमाण्डौबाट वितरणको व्यवस्था गरिएको थियो।

यस दशौं वार्षिक साधारण सभाको बारेमा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड तथा नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सेमत जानकारी गराइएको थियो।

२. **साधारण सभाको गणपूरक संख्याको आधिकारिकताः**

कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा कम्पनीको नियमावलीको नियम २३ मा भएको व्यवस्था अनुसार कम्पनीको बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५०% भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधि मार्फत उपस्थिति नभई सभाको काम कारवाही हुने छैन भन्ने उल्लेख गरिएकोमा यस सभामा कम्पनीका ७ जना संस्थापक शेयरधनीहरु मध्ये ७ जनाले प्रतिनिधित्व गर्ने ७६.५ प्रतिशत शेयरको प्रतिनिधित्व भएको यस सभाको हाजिरी पुस्तिकामा देखिएको र सर्वसाधारण शेयरधनीहरुका तर्फबाट जूम अनलाइन मार्फत अभौतिक रुपमा ११ जना शेयरधनीहरुको उपस्थिति देखिएको हुनाले दशौं वार्षिक साधारण सभाको काम कारवाहीका लागि गणपूरक संख्या पुगेको यकिन गरियो।

३. **सभा सञ्चालनको लागि वैधानिकताको यकिन तथा सभाको अध्यक्षताः**

दशौं वार्षिक साधारण सभा सञ्चालन गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा कम्पनीको नियमावलीको नियम २३ बमोजिमको गणपूरक संख्या पुगेको कुरा शेयरधनीहरुको हाजिरी पुस्तिकाबाट देखिएको र कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभाको वैधानिकता माथि छलफल गर्दा कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली बमोजिम शेयरधनीहरुलाई समयमा नै सूचना प्रकाशित गरी जानकारी गराइएको देखिएको हुँदा यस दशौं वार्षिक साधारण सभा रीतपूर्वक बोलाइएको पाईएको भनी उपस्थित शेयरधनीहरुबाट सभाको काम ,कारवाही गर्न स्वीकृति प्राप्त भए बमोजिम कम्पनी सचिवबाट जानकारी गराई सभाको काम कारवाही शुरु गर्न सभाले जिम्मेवारी प्रदान गऱ्यो।

कम्पनी ऐन, २०६३ को दफा ७४ तथा कम्पनीको नियमावलीको नियम १९ मा व्यवस्था भए बमोजिम कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री देवेन्द्र कार्कीको अध्यक्षतामा यस दशौं वार्षिक साधारण सभाको काम कारवाही शुरु गरियो।

४. **सभा सञ्चालन तथा सञ्चालक समितिको प्रतिवेदन प्रस्तुतिः**

सभाका अध्यक्ष श्री देवेन्द्र कार्कीले आफ्नो मन्तव्य सहित सञ्चालक समितिको २५०औं बैठकबाट स्वीकृत भए अनुसारको सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्नुभयो। सञ्चालक समितिको उक्त प्रतिवेदन सहितको कम्पनीको आर्थिक वर्ष २०७७/७८ का वित्तीय विवरणहरु, लेखापरीक्षकको प्रतिवेदन र कम्पनीको सञ्चालक समितिबाट पेश गरिएका प्रस्तावहरु उपर छलफल गर्न र सो सम्बन्धमा कुनै जिज्ञासा, सुझाव आदि भए सभामा व्यक्त गर्न अध्यक्षले शेयरधनी महानुभावहरुलाई आव्हान गर्नु भयो।

५. **शेयरधनीहरुको राय तथा सुझावः**

सभामा प्रस्तुत गरिएको वार्षिक प्रतिवेदन एवं प्रस्तावहरु उपर छलफल हुँदा देहाय अनुसारका शेयरधनीहरुले आ-आफ्नो राय, जिज्ञासा र सुझावहरु व्यक्त गर्नु भयोः-

१) शेयरधनी श्री राकेश कुमार शर्माले इमेल मार्फत कम्पनीले उत्पादनशील क्षेत्रमा लगानी वृद्धि गरी शेयरधनीहरुको प्रतिफल वृद्धि गर्ने तर्फ ध्यान केन्द्रित गर्नुपर्ने सुझाव दिनुभयो।
२) शेयरधनी श्री कृष्ण प्रसाद अधिकारीले जोखिम व्यवस्थापन समितिको धेरै वटा बैठक बसेको देखिएको विषयमा ध्यानाकर्षण गराउनुभयो। त्यसैगरी एउटै ठाउँका दुई वटा आयोजना बनाउन रेमिट हाइड्रो लि. र सिम्बुवा रेमिट हाइड्रो लि. नामका दुई फरक कम्पनीहरु स्थापना गर्नुको सट्टा एउटै सहायक कम्पनीबाट दुवै वटा आयोजना निर्माण गर्नु किफायती र उचित हुने सुझाव दिनुभयो। वहाँले वार्षिक प्रतिवेदन सकेसम्म नेपाली भाषामा तया गर्न सुझाव दिनुभयो।
३) शेयरधनी श्री चन्द्र नारायण श्रेष्ठले ८% वोनस शेयर दिएकोमा धन्यवाद दिंदै आगामी दिनहरुमा पनि शेयरधनीहरुलाई उच्चतम प्रतिफल प्रदान गर्दै लैजान सुझाव दिनुभयो।

४) शेयरधनी श्री शत्रुघ्न श्रेष्ठले वोनस शेयर दिएको र सो वापतको कर समेत कम्पनीले नै भुक्तानी गरिदिने व्यवस्था गरेकोमा धन्यवाद दिंदै आयोजनाहरुमा लगानी बढाउँदै लैजान सुझाव दिनुभयो।

५) शेयरधनी श्री डमरु वल्लभ घिमिरेले नेपाल सरकारको लगानी भएको कम्पनीहरुमध्ये राम्रो सञ्चालन र व्यवस्थापन गरेको र नियमानुसार नियमित रुपमा वार्षिक साधारण सभाको आयोजना गरिरहेको विषय स्वागतयोग्य भएको जनाउँदै कम्पनीले शेयरधनीहरुलाई वोनस शेयर वितरण गरेकोमा धन्यवाद दिनुभयो। यसै गरी कम्पनीबाट प्राप्त हुने प्रतिफल न्यूनतम रुपमा बैंकहरुबाट प्राप्त हुने मुद्दतीको ब्याज दरसँग समान हुने गरी कार्य गर्न सुझाव दिंदै आगामी वर्षहरुमा भौतिक रुपमा नै साधारण सभा आयोजना गर्न अनुरोध गर्नुभयो। साथै, प्रवन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनको तीन महले पनि कम्पनीको वार्षिक प्रतिवेदनको पुस्तकसँगै छपाई गरी राख्न सुझाव दिनुभयो।

६) शेयरधनी श्री शिव प्रसाद पौडेलले शेयरधनीहरुलाई वितरण गरिने वोनस शेयर र नगद लाभांशको लागि कम्पनीलाई धन्यवाद दिंदै लाभांश दर अझै वृद्धि गर्दै लैजान कम्पनीले ध्यान पुऱ्याउनुपर्ने सुझाव दिनुभयो। यसै गरी सञ्चालकको निर्वाचन भौतिक रुपमा गर्न सकिने अवस्थामा साधारण सभा समेत भौतिक रुपमा नै गर्नसकेको भए उपयुक्त हुने सुझाव दिनुभयो। साथै, जलविद्युत आयोजनाहरु निर्माण भइसकेपछि सो आयोजनामा उपलब्ध हुने जग्गाको वैकल्पिक रुपमा उत्पादनशील उपयोग गर्न सकिने विषयमा सुझाव प्रदान गर्नुभयो।

सभामा विभिन्न शेयरधनीहरुबाट व्यक्त गरिएका राय एवं सुझावहरुका लागि धन्यवाद दिंदै प्रमुख कार्यकारी अधिकृत श्री अर्जुन कुमार गौतमले शेयरधनीहरुबाट उठेका जिज्ञासाहरुको जवाफ दिनुभयो र शेयरधनीहरुबाट प्राप्त महत्वपूर्ण सुझावहरुको कार्यान्वयन गर्न कम्पनी सदैव प्रयत्नशील रहने प्रतिवद्धता व्यक्त गर्दै आगामी दिनमा पनि कम्पनीले शेयरधनीहरुलाई उच्चतम प्रतिफल प्रदान गर्ने विषयमा कम्पनीको ध्यान केन्द्रित रहने जानकारी गराउनुभयो।

## ६. प्रस्तावहरु उपर छलफल तथा निर्णयहरुः

### (क) सामान्य प्रस्तावहरुः

**प्रस्ताव नं. १:** **आर्थिक वर्ष २०७७/७८ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।**

निर्णयः सञ्चालक समितिका तर्फबाट कम्पनीको आर्थिक वर्ष २०७७/७८ को वार्षिक प्रतिवेदन माथि सभामा छलफल गरी पारित गर्न अध्यक्षले सभामा निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो।

**प्रस्ताव नं. २:** **आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७७/७८ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने।**

निर्णयः लेखापरीक्षक चार्टर्ड एकाउन्टेण्ट श्री सृष्टी कोइरालाबाट कम्पनीको आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण कार्य सम्पन्न गरी जारी गरिएको लेखापरीक्षकको प्रतिवेदन तथा २०७८ आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७७/७८ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका वित्तीय विवरणहरु उपर छलफल भई सर्वसम्मतिबाट पारित गरियो।

प्रस्ताव नं. ३: **श्री महालेखापरीक्षकको कार्यालयबाट प्राप्त परामर्श बमोजिम चालु आर्थिक वर्ष २०७८/७९ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।**

निर्णयः श्री महालेखापरीक्षकको कार्यालयको मिति २०७८/८/१९ को प.सं. २०७८/७९, च.नं. ७८ को पत्रबाट परामर्श प्रदान गरिए बमोजिम कम्पनीको लेखापरीक्षण समितिबाट सिफारिश गरिएका चार्टर्ड एकाउन्टेन्ट श्री सृष्टी कोइरालालाई चालु आर्थिक वर्ष २०७८/७९ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक रु. ३,३०,०००|- (अक्षरेपी तीन लाख तीस हजार मात्र) (मूल्य अभिवृद्धि कर बाहेक) निर्धारण गर्ने प्रस्ताव उपर छलफल भई सर्वसम्मतिबाट पारित गरियो।

प्रस्ताव नं. ४: **सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने १ (एक) जना सञ्चालकको निर्वाचन गर्ने।**

निर्णयः सर्वसाधारण शेयरधनीहरुबाट प्रतिनिधित्व सञ्चालक पदको लागि निर्वाचन गर्नको लागि सञ्चालक समितिबाट नियुक्त निर्वाचन अधिकृत अधिवक्ता श्री शरद राना मगरबाट कम्पनीको "सर्वसाधारण शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने सञ्चालकको निर्वाचन निर्देशिका, २०७८" बमोजिम मिति २०७८/९/८ गते निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गरिएकोमा उक्त निर्वाचन कार्यक्रम अनुसार सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने १ (एक) जना सञ्चालकको लागि २ जना शेयरधनीहरु श्री सुधीर ज्ञवाली र श्री प्रकाश रजौरेले कम्पनीको निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारी दर्ता गराई सञ्चालक पदको निर्वाचनमा प्रतिस्पर्धा गर्नु भएकोले निर्वाचन अधिकृतको नेतृत्वको निर्वाचन टोलीले सम्पन्न गरेको मतदान कार्यक्रमबाट जुन उम्मेदवारले सबै भन्दा बढी मत प्राप्त गर्नुहुन्छ वहाँलाई सञ्चालक नियुक्त गर्ने सर्वसम्मतिबाट निर्णय गरियो।

सभाबाट निर्णय भए अनुसार सभाका अध्यक्षज्युले सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने सञ्चालक पदको लागि आफ्नो मताधिकार प्रयोग गरी सञ्चालक निर्वाचित गराउनुहुन सम्पूर्ण शेयरधनीहरुलाई मतदान कार्यक्रममा भाग लिन आव्हान गर्नु भयो।

(ख) विशेष प्रस्तावहरुः

प्रस्ताव नं. १: **सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई चुक्ता पूँजीको ८.००% (आठ प्रतिशत) का दरले हुने रू. १,४९,६०,००,०००|-(अक्षरेपी एक अर्ब उनान्पचास करोड साठी लाख मात्र) बराबरको बोनस शेयर र चुक्ता पूँजीको ०.४२१% (शून्य दशमलव चार दुइ एक**

प्रतिशत) का दरले हुने रू. ७,८७,३६,८४२.११ (अक्षरेपी सात करोड सतासी लाख छत्तीस हजार आठ सय बयालीस रुपैयाँ एघार पैसा मात्र) नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने।

निर्णयः सञ्चालक समितिबाट विशेष प्रस्तावको रुपमा पेश गरे बमोजिम चुक्ता पूँजीको ८.००% (आठ प्रतिशत) का दरले हुने रू. १,४९,६०,००,०००।- (अक्षरेपी एक अर्ब उनान्पचास करोड साठी लाख मात्र) बराबरको बोनस शेयर र चुक्ता पूँजीको ०.४२१% (शून्य दशमलव चार दुइ एक प्रतिशत) का दरले हुने रू. ७,८७,३६,८४२.११ (अक्षरेपी सात करोड सतासी लाख छत्तीस हजार आठ सय बयालीस रुपैयाँ एघार पैसा मात्र) नगद लाभांश प्रदान गर्न स्वीकृत गर्ने र कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) को अधिनमा रही नेपाल सरकारको स्वीकृति प्राप्त भए पश्चात सो लाभांश वितरण गर्ने सर्वसम्मतिबाट निर्णय गरियो।

**प्रस्ताव नं. २: कम्पनीको प्रवन्धपत्र र नियमावलीमा संशोधन गर्ने।**

निर्णयः सभाका अध्यक्षज्यूले कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्न विशेष प्रस्ताव गर्नु भएकोमा सभामा बृहत छलफल गर्दा संलग्न बमोजिमको हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको (दशौं संशोधन) प्रवन्धपत्र, २०७८ र हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको (दशौं संशोधन) नियमावली, २०७८ सर्वसम्मतिबाट पारित गरियो।

**प्रस्ताव नं. ३: कम्पनीको प्रवन्धपत्र र नियमावलीको प्रस्तावित संशोधनमा नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरूप आवश्यक समायोजन गर्न सञ्चालक समितिलाई अधिकार प्रदान गर्ने।**

निर्णयः विशेष प्रस्ताव नं. २ बमोजिम पारित भएको कम्पनीको प्रवन्धपत्र र नियमावलीको संशोधनमा नियमनकारी निकायले फेरबदल गर्न सुझाव वा निर्देशन दिएमा सो अनुरूप आवश्यक समायोजन गर्न सञ्चालक समितिलाई अधिकार प्रदान गर्ने विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो।

**प्रस्ताव नं. ४: कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा कम्पनीबाट नेपाल सरकारद्वारा स्थापित "कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" मा रु. ८ लाख र राष्ट्रिय आविष्कार केन्द्रलाई रु. २ लाख सहयोग रकम भुक्तानी भएकोमा सो को अनुमोदन गर्ने।**

निर्णयः कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा मिति २०७८/०२/२८ गते बसेको सञ्चालक समितिको २३५औं बैठकको निर्णय बमोजिम कम्पनीबाट नेपाल सरकारद्वारा स्थापित "कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" मा रु.

८ लाख र राष्ट्रिय आविष्कार केन्द्रलाई रु. २ लाख सहयोग रकम भुक्तानी भएकोमा कम्पनी ऐन, २०६३ को दफा १०५ बमोजिम सो खर्चको अनुमोदन गर्न सभाका अध्यक्षज्यूले सभामा पेश गर्नु भएको विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो।

(ग) विविधः यस दशौं वार्षिक साधारण सभामा निर्धारित प्रस्ताव सूची अन्तर्गत विविध शीर्षक अन्तर्गत छलफलको लागि कुनै विषय नभएको व्यहोरा कम्पनी सचिवबाट सभालाई जानकारी भयो।

**७. धन्यवाद ज्ञापन तथा सभा विसर्जनः**

यस कम्पनीको दशौं वार्षिक साधारण सभामा कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली अनुसार सूचना प्रकाशित गरी सभा बस्ने मिति, समय र स्थान र सभामा छलफल गरिने प्रस्तावहरु उल्लेख गरिए बमोजिम र कम्पनीका शेयरधनी महानुभावहरुलाई पत्राचार एवम् सूचना प्रवाह गरे बमोजिम सभास्थलमा तोकिएकै समयमा शेयरधनीहरु, कम्पनीका सञ्चालकहरु तथा विभिन्न निकायका प्रतिनिधिहरु भौतिक तथा अभौतिक रुपमा उपस्थित भई दशौं वार्षिक साधारण सभामा छलफल गर्ने विषय सूची अनुसार छलफल गरी प्रस्तावहरु पारित भएकोले सभाका अध्यक्षज्यूबाट यस सभामा भौतिक रुपमा तथा भर्चुअल माध्यमबाट उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुले सकारात्मक तथा सक्रिय रुपमा छलफलमा सहभागी हुनुका साथै रचनात्मक सुझाव एवं सल्लाह प्रदान गर्नुभएकोमा धन्यवाद प्रदान गर्नु भयो। साथै, यस दशौं वार्षिक साधारण सभा व्यवस्थित रुपमा सफलतापूर्वक सञ्चालन गरी सम्पन्न गर्न भूमिका खेल्नुहुने कम्पनीका सञ्चालकहरु, कम्पनीका प्रमुख कार्यकारी अधिकृत लगायत कम्पनीका सम्पूर्ण कर्मचारीहरु, शेयर रजिष्ट्रार, निर्वाचन अधिकृत, नेपाल प्रहरी तथा अन्य सहयोगी व्यक्ति तथा संस्थाहरु सबैलाई धन्यवाद दिँदै गर्दै सभाको पहिलो सत्र सम्पन्न भएको र सभाको दोश्रो सत्र अन्तर्गत मतदान कार्यक्रम हुने घोषणा गर्दै निर्वाचनको लागि निर्वाचन अधिकृत श्री शरद राना मगरलाई निर्वाचन कार्यक्रम शुरु गर्न आव्हान गर्नु भयो।

# दोश्रो सत्र – सञ्चालक निर्वाचनको कार्यक्रम, मतदान एवं परिणाम घोषणा

१. **निर्वाचन कार्यक्रम**

सर्वसाधारण शेयरधनीहरुबाट सञ्चालक पदको लागि निर्वाचन गर्नको लागि कम्पनीको "सर्वसाधारण शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने सञ्चालकको निर्वाचन निर्देशिका, २०७८" बमोजिम सञ्चालक समितिबाट अधिवक्ता श्री शरद राना मगरलाई निर्वाचन अधिकृत नियुक्त गरी निर्वाचन अधिकृतबाट सो निर्देशिका बमोजिम मिति २०७८/९/८ गते निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गरिएकोमा उक्त निर्वाचन कार्यक्रम अनुसार सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने १ (एक) जना सञ्चालकको लागि २ जना शेयरधनीहरु श्री सुधीर ज्ञवाली र श्री प्रकाश रजौरेले कम्पनीको निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारी दर्ता गराई सञ्चालक पदको निर्वाचनमा प्रतिस्पर्धा गर्नु भएको व्यहोरा निर्वाचन अधिकृत श्री शरद रानामगरबाट सभामा जानकारी गराई मतदान कार्य शुरु भयो।

२. **मतदान एवं परिणाम घोषणाः**

यस मतदानमा जम्मा ४०,०६,२८३ मत खसेको र सो मध्ये उम्मेदवार श्री सुधीर ज्ञवालीले जम्मा २५,८८,२९९ मत र उम्मेदवार श्री प्रकाश रजौरेले जम्मा १४,१७,९८४ मत प्राप्त गर्नुभएकोमा श्री सुधीर ज्ञवालीले सबै भन्दा बढी मत प्राप्त गरी सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालक पदमा निर्वाचित हुनुभएको घोषणा निर्वाचन अधिकृत अधिवक्ता श्री शरद राना मगरले गर्नु भयो।

३. **सभा विसर्जनः**

यस दशौं वार्षिक साधारण सभाको पहिलो सत्र अन्तर्गत सभाको वैधानिकता यकिन भई प्रस्तावहरु उपर छलफल तथा निर्णयहरु भईसकेको र सभाको दोश्रो सत्र अन्तर्गत सञ्चालक पदको मतदान एवं परिणाम घोषणा भई निर्वाचन कार्यक्रम समेत सम्पन्न भइसकेको हुनाले कम्पनी सचिव श्री जिवन कुमार बस्नेतले मतदान कार्यक्रममा भाग लिनुहुने समस्त शेयरधनीहरु, निर्वाचन अधिकृतहरु, शेयर रजिष्ट्रारको टोली, शान्ति सुरक्षाको प्रवन्ध गरिदिनुहुने नेपाल प्रहरीको टोली र कम्पनीका कर्मचारीहरु लगायत सबैलाई धन्यवाद दिँदै कम्पनीको दशौं वार्षिक साधारण सभा सम्पन्न भएको घोषणा गर्नुभयो।

# हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको (दशौं संशोधन) प्रवन्धपत्र, २०७८

साधारण सभाबाट पारित मितिः २०७८।९।२२

हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको प्रवन्धपत्र, २०६८ लाई संशोधन गर्न बाञ्छनीय भएकोले,

हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको साधारण सभाले हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको प्रवन्धपत्र, २०६८ मा देहाय बमोजिम संशोधन गरेको छः-

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यस संशोधनको नाम "हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको (दशौं संशोधन) प्रवन्धपत्र, २०७८" रहेको छ।

(२) यो प्रवन्धपत्र साधारण सभाबाट पारित भएको दिनदेखि प्रारम्भ हुनेछ।

२. <u>हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको प्रवन्धपत्र, २०६८ को दफा ३ मा संशोधनः</u> हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको प्रवन्धपत्र, २०६८ (यसपछि "मूल प्रवन्धपत्र" भनिएको) को दफा ३ को सट्टा देहायको दफा ३ राखिएको छः-

"३. <u>कम्पनीले गर्ने व्यवसाय वा कारोबारको प्रकृतिः</u> कम्पनीले नेपालको जलविद्युत तथा नवीकरणीय ऊर्जाको विकासका लागि आवश्यक पर्ने पूँजीको आपूर्ति गर्नका लागि दीर्घकालीन प्रकृतिका पूँजी परिचालन गर्ने र त्यसरी उपलब्ध हुने वित्तीय श्रोतलाई आर्थिक एवम् प्राविधिक रुपले सम्भाव्य जलविद्युत तथा नवीकरणीय ऊर्जासँग सम्बन्धित परियोजनाहरुको शेयरमा लगानी तथा ऋण प्रवाह गर्ने प्रकृतिको कारोबार गर्नेछ।"

३. <u>मूल प्रवन्धपत्रको दफा ४ मा संशोधनः</u> मूल प्रवन्धपत्रको दफा ४ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) यस कम्पनीको उद्देश्यहरु देहाय बमोजिम हुनेछः

(क) जलविद्युत तथा नवीकरणीय ऊर्जाको उत्पादन, प्रसारण, वितरण तथा व्यापार गर्ने परियोजना वा सङ्गठित संस्थामा शेयर वा ऋण लगानी गर्ने।

(ख) बैंक, वित्तीय संस्था, गैह्र बैंकिङ्ग वित्तीय संस्था एवम् अन्य निकायहरुसँगको सहकार्य तथा सहभागितामा जलविद्युत तथा नवीकरणीय ऊर्जाको उत्पादन, प्रसारण, वितरण तथा व्यापार गर्ने परियोजना वा सङ्गठित संस्थामा लगानी गर्ने।

(ग) जलविद्युत तथा नवीकरणीय ऊर्जाको उत्पादन, प्रसारण, वितरण तथा व्यापार गर्ने परियोजना वा सङ्गठित संस्थामा वित्तीय लगानी गर्ने प्रयोजनका लागि विदेशी संस्थाबाट लगानी, ऋण तथा अनुदान प्राप्त गर्ने।

(घ) कम्पनीले आफ्नो नामबाट बण्ड, डिवेञ्चर लगायतका ऋणपत्रहरु तथा सर्टिफिकेट अफ डिपोजिटजस्ता वित्तीय उपकरणहरु जारी गरी दीर्घकालीन प्रकृतिको पूँजी परिचालन

गर्ने।

(ङ) जलविद्युत तथा नवीकरणीय ऊर्जासँग सम्बन्धित परियोजनाका लागि जारी हुने बण्ड, डिबेञ्चरजस्ता ऋणपत्रमा कम्पनीले लगानी गर्ने।

(च) जलविद्युत तथा नवीकरणीय ऊर्जासँग सम्बन्धित परियोजनाहरुको मूल्यांकनको लागि प्राविधिक जनशक्तिको सीप र दक्षता अभिवृद्धि गर्ने।

(छ) आफ्नो स्वामित्वमा सहायक कम्पनी स्थापना गरी जलविद्युत तथा नवीकरणीय ऊर्जाको उत्पादन, प्रसारण, वितरण तथा व्यापार गर्ने परियोजना लिई लगानीकर्ता जुटाउने।

(ज) सम्बन्धित निकायको स्वीकृतिमा सामुहिक लगानी कोष स्थापना एवम् सञ्चालन गर्ने।

(झ) जलविद्युत तथा नवीकरणीय ऊर्जा क्षेत्रको विकासका लागि नेपाल सरकारद्वारा सञ्चालित पूँजी संकलनका कार्यक्रम वा योजनाहरुको कोष व्यवस्थापकको रुपमा कार्य गर्ने।

(ञ) ऊर्जासँग सम्बन्धित अध्ययन, अनुसन्धान, परामर्श लगायतका सेवा प्रदान गर्ने एवम् त्यस्तो सेवाप्रदायक कम्पनीमा शेयर वा ऋण लगानी गर्ने।"

४. मूल प्रवन्धपत्रको दफा ५ मा संशोधनः मूल प्रवन्धपत्रको दफा ५ को खण्ड (च), (झ), (ट), (ठ) र (ढ१) को सट्टा देहायका खण्ड (च), (झ), (ट), (ठ) र (ढ१) राखिएका छन्:-

"(च) कम्पनीले आथिक एवं प्राविधिक रुपले सम्भाव्य जलविद्युत तथा नवीकरणीय ऊर्जाको उत्पादन, प्रसारण, वितरण तथा व्यापारको निम्ति वित्तीय साधन लगानीका लागि कम्पनीसमक्ष पेश हुन आउने विस्तृत परियोजना अध्ययन प्रतिवेदन विश्लेषण गरी उपयुक्तताको आधारमा त्यस्तो परियोजनामा लगानी गर्ने।

(झ) कम्पनीले स्वदेशी वा विदेशी सङ्गठित संस्थाहरुसंगको संयुक्त लगानीमा जलविद्युत तथा नवीकरणीय ऊर्जासँग सम्बन्धित परियोजनामा संस्थापक शेयरधनीको रुपमा लगानी गर्ने।

(ट) कम्पनीले नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त गरी जलविद्युत तथा नवीकरणीय ऊर्जासँग सम्बन्धित परियोजनामा प्रत्यक्ष वा कुनै बैंक वा वित्तीय संस्था मार्फत अप्रत्यक्ष वा अनलेण्डिङ्ग रुपमा ऋण प्रवाह गर्ने।

(ठ) जलविद्युत तथा नवीकरणीय ऊर्जासँग सम्बन्धित परियोजनाको प्रवर्द्धनका लागि नेपाल सरकार वा अन्य स्वदेशी वा विदेशी निकायबाट प्राप्त भएको रकम ऋणको रुपमा प्रवाह गर्ने वा ऋण व्यवस्थापन गर्ने।

(ढ१) कम्पनीले जलविद्युत तथा नवीकरणीय ऊर्जासँग सम्बन्धित आयोजनाहरु आफ्नो स्वामित्वमा लिई सम्भाव्यता अध्ययन, वातावरणीय प्रभाव मुल्याङ्कन, विस्तृत अध्ययन गरी वा गराई निर्माण गर्न आवश्यक कार्यहरु गर्ने।"

५. मूल प्रवन्धपत्रको दफा ६ मा संशोधनः मूल प्रवन्धपत्रको दफा ६ को सट्टा देहायको दफा ६ राखिएको छः-

"६. <u>कम्पनीको पूँजीको संरचनाः</u> कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछः

(क) कम्पनीको अधिकृत पूँजी रु. ५०,००,००,००,०००।- (अक्षरेपी पचास अर्ब रुपैयाँ) हुनेछ। सो पूँजीलाई प्रति शेयर रु. १००।- (अक्षरेपी एकसय रुपैयाँ) दरका ५०,००,००,००० (पचास करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ।

(ख) कम्पनीको तत्काल जारी शेयर पूँजी रु. २३,४९,६०,००,०००।- (अक्षरेपी तेईस अर्ब उनान्पचास करोड साठी लाख रुपैयाँ) हुनेछ । पूँजीलाई प्रतिशेयर रु. १००।- (अक्षरेपी एकसय रुपैयाँ) दरका २३,४९,६०,००० (तेइस करोड उनान्पचास लाख साठी हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ।

(ग) कम्पनीको संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रु. १५,४४,४०,००,०००।- (अक्षरेपी पन्ध्र अर्ब चवालिस करोड चालीस लाख रुपैयाँ) र सर्वसाधारणले चुक्ता गर्न कबुल गरेको पूँजी रु. ४,७५,२०,००,०००।- (अक्षरेपी चार अर्ब पचहत्तर करोड बीस लाख रुपैयाँ) हुनेछ।

(घ) संस्थापक शेयरधनीहरुलाई समूह "क" मा बर्गीकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ८० प्रतिशत हुनेछ। यो समूहलाई देहाय बमोजिम २ वटा उपसमूहमा विभाजन गरिएको छः

| क्र.सं. | शेयरधनीको विवरण | शेयर संख्या (कित्ता) |
|---|---|---|
| | उपसमूह क-१ | |
| १. | नेपाल सरकार, अर्थ मन्त्रालय | ४,७५,२०,००० |
| २. | नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | २,३७,६०,००० |
| ३. | नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | २,३७,६०,००० |
| ४. | नेपाल सरकार, महालेखा नियन्त्रकको कार्यालय | २,३७,६०,००० |
| | उपसमूह क-२ | |
| ५. | कर्मचारी सञ्चय कोष | १,१८,८०,००० |
| ६. | राष्ट्रिय बीमा संस्थान | १,१८,८०,००० |
| ७. | नागरिक लगानी कोष | १,१८,८०,००० |
| ८. | अन्य संस्थापक | ३,३०,००,००० |

(ङ) सर्वसाधारणमा बिक्री गरिने शेयर खरिद गर्ने शेयरधनीलाई समूह "ख" मा वर्गीकरण गरिएको छ। यो समूहको शेयर स्वामित्व कम्पनीको जारी पूँजीको बीस प्रतिशत हुनेछ।

(च) जुन समूह, उपसमूहको शेयर खरिद गरेको हो सो खरिद गर्ने व्यक्ति/संस्था/ निकायलाई सोही समूह, उपसमूहमा राखिनेछ।

(छ) प्रचलित कानूनको अधिनमा रही कम्पनीले आफ्नो पूँजी तथा स्वामित्वको संरचनामा

हेरफेर गर्न सक्नेछ।"

६. <u>मूल प्रवन्धपत्रको दफा ११ मा संशोधनः</u> मूल प्रवन्धपत्रको दफा ११ को उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छः-

"(६) कम्पनीले जलविद्युत उत्पादन परियोजनामा लगानी गर्दा कम्तीमा २५ मेगावाट वा सो भन्दा वढीका मझौला तथा ठूला जलविद्युत उत्पादन परियोजनामा मात्र संस्थापक शेयरधनीका रुपमा शेयर लगानी तथा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा ऋण प्रदान गर्नेछ।

तर कम्पनीवाट लगानी भएका परियोजनाको प्रवर्द्धकबाट निर्माण गरिने सो परियोजनाको क्यास्केड (Cascade) परियोजनामा लगानी गर्दा वा कुनै परियोजनाको क्षमता वा उत्पादन अभिवृद्धि गर्ने योजना अनुसार निर्माण गरिने पूरक परियोजनामा लगानी गर्दा वा कम्पनी आफैले प्रवर्द्धन गरेको सहायक कम्पनी वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको सङ्गठित संस्था वा त्यस्तो संस्था मुख्य प्रवर्द्धक रहेको अन्य कुनै संस्थाद्वारा विकास गरिने परियोजनामा लगानी गर्दा यो व्यवस्था लागू हुने छैन।"

७. <u>मूल प्रवन्धपत्रको दफा १२ मा संशोधनः</u> मूल प्रवन्धपत्रको दफा १२ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) यो कम्पनीले जलविद्युत तथा नवीकरणीय ऊर्जासँग सम्बन्धित परियोजनामा मात्र लगानी गर्ने गरी नेपाली नागरिक, गैरआवासीय नेपाली, स्वदेशी/विदेशी संस्थाले खरीद गर्न पाउने गरी सर्टिफिकेट अफ डिपोजिट जारी गर्ने र परियोजनामा ऋण प्रवाह गर्नका लागि उक्त कार्य प्रारम्भ गर्नु अघि नेपाल राष्ट्र बैंकबाट पूर्व स्वीकृति लिनेछ।

तर, प्रबन्धपत्रको दफा ५ मा उल्लेख गरिएका नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिनुपर्ने कार्य बाहेक अन्य कार्य प्रारम्भ गर्ने गरी कम्पनी संस्थापना गर्नु अघि नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिन अनिवार्य हुने छैन।"

८. <u>मूल प्रवन्धपत्रको दफा १२ को उपदफा (४) सँग सम्बन्धित अनुसूचीमा संशोधनः</u> "मूल प्रवन्धपत्रको दफा १२ को उपदफा (४) सँग सम्बन्धित अनुसूची "जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड कम्पनी सञ्चालनका नीतिगत आधारहरु" को सट्टा संलग्न अनुसूची "हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड कम्पनी सञ्चालनका नीतिगत आधारहरु" राखिएको छ।"

## अनुसूची

(प्रबन्धपत्रको दफा (१२) को उपदफा (४) सँग सम्बन्धित)

**हाईड्रोइलेक्ट्रीसिटी ईन्भेष्टमेन्ट एण्ड डेभलपमेण्ट कम्पनी लिमिटेड**

**कम्पनी सञ्चालनका नीतिगत आधारहरु**

विद्युतीय ऊर्जाको आन्तरिक मागलाई पूर्ति गर्दै विद्यमान विद्युतीय उर्जा संकट निवारण गर्न जलविद्युत आयोजनाको कार्यन्वयन, निर्माण एवं सञ्चालनका लागि पूँजीको उपलब्धता र परिचालन सरल, सहज तथा प्रभावकारी रुपमा ऋण प्रवाह गरी लगानी व्यवस्थापनका लागि तत्काल केही गर्न बाञ्छनीय भएकोले नेपाल सरकारको अग्रसरतामा एउटा छुट्टै जलविद्युत लगानी तथा विकास कम्पनी को रुपमा वि.सं. २०६८ सालमा यस कम्पनीको स्थापना गरिएको हो।

कम्पनी स्थापना गर्दाका वखत निर्धारण गरिएका कम्पनी सञ्चालनका नीतिगत आधारहरुलाई समसामयिक परिमार्जन एवम् अद्यावधिक गर्दै लैजाने क्रममा देहायका प्रमुख नीतिगत आधारहरु निर्धारण गरिएको छः

**(क) लगानी योग्य कोष परिचालन र उपयोग सम्बन्धी व्यवस्थाः**

१. लगानी योग्य कोष परिचालन गर्दा आफ्नो शेयर पूँजी, स्वदेशी ऋणपत्र जारी गरी प्राप्त गर्ने ऋण र विदेशी संस्थाबाट प्राप्त गर्ने ऋण एवं अनुदानका माध्यमबाट गरिनेछ।

२. कम्पनीले संस्थापनाको लागि निवेदन दिई दर्ता प्रमाणपत्र प्राप्त गरिसकेपछि देहायका कार्य प्रारम्भ गर्नु अघि प्रचलित कानुन बमोजिमका नियमनकारी निकायबाट स्वीकृति पाउनका लागि अनुरोध गर्नेछ। सो स्वीकृति प्राप्त गरे पश्चात् मात्र ती कार्यहरु प्रारम्भ गर्नेछः

२.१ नेपाली नागरिक तथा गैर आवासीय नेपालीहरु कम्तीमा १० लाख रुपैंयाका दरले तथा विदेशी वा स्वदेशी संगठित संस्थाबाट कम्तीमा नेपाली रुपैंया १ करोडका दरले ५ वर्ष वा सो भन्दा बढी अवधिको लागि सर्टिफिकेट अफ डिपोजिट जारी गरी वा अन्य कुनै किसिमको ऋणपत्र वा वण्ड वा डिवेन्चर जारी गरी दीर्घकालीन श्रोत परिचालन गर्ने।

२.२ सङ्गठित संस्थाहरुलाई एक करोड रुपैंया र सो भन्दा बढी रकमको सर्टिफिकेट अफ डिपोजिट जारी गरी पूँजी परिचालन गर्ने।

२.३ बैंक वा वित्तिय संस्थाहरु मार्फत जलविद्युत तथा नवीकरणीय ऊर्जासँग सम्बन्धित परियोजनामा लगानी गर्नका लागि त्यस्ता बैंक वा वित्तिय संस्थाहरुलाई थोक ऋण (अनलेण्डिङ्ग) उपलब्ध गराउने वा सहवित्तीयकरणमा सहभागी हुने।

२.४ जलविद्युत तथा नवीकरणीय ऊर्जासँग सम्बन्धित परियोजनालाई पच्चीस करोड रुपैंया र सोभन्दा बढीको प्रत्यक्ष ऋण प्रवाह गर्ने।

३. कम्पनीले शेयर लगानी गरेको विद्युत परियोजनामा कुनै प्रकारको ऋण (प्रत्यक्ष वा अप्रत्यक्ष) प्रवाह र ऋणपत्र मा लगानी गर्ने छैन। तर कम्पनी आफैले प्रवर्द्धन गरेको सहायक कम्पनी वा संयुक्त उपक्रम कम्पनी वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संगठित संस्था वा त्यस्तो संस्था मुख्य प्रवर्द्धक रहेको अन्य कुनै संस्थाद्वारा विकास गरिने परियोजना भएमा त्यस्ता परियोजनाहरुमा शेयर तथा ऋण लगानी दुवै गर्न बाधा पर्ने छैन।

४. कम्पनीले परियोजनामा ऋण प्रवाह गर्दा वा वण्ड, डिवेन्चर वा ऋणपत्रमा लगानी गर्दा कम्पनीको कुल पूँजी कोष २५ प्रतिशतसम्म मात्र लगानी गर्न सक्नेछ।

५. कम्पनीले कुनै परियोजना सम्वद्ध कम्पनीको शेयर लगानी गर्दा सम्बन्धित कम्पनीको चुक्ता पूँजीको बढीमा २० प्रतिशत वा कम्पनीको कुल पूँजीकोषको २५ प्रतिशतमा नबढाई लगानी गर्नेछ। तर कम्पनी आफैले प्रवर्द्धन गरेको सहायक कम्पनी वा संयुक्त उपक्रम कम्पनी वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको संगठित संस्था वा त्यस्तो संस्था मुख्य प्रवर्द्धक रहेको अन्य कुनै संस्थाद्वारा विकास गरिने परियोजनामा शेयर लगानी गर्दा सम्बन्धित कम्पनीको चुक्ता पूँजीको २० प्रतिशत भन्दा बढी लगानी गर्न सक्ने छ।

६. परियोजनामा ऋपा प्रवाह गर्दा ऋण र स्वपूँजीको अनुपात सञ्चालक समितिले तोके बमोजिम हुनेछ।

७. कम्पनीले कूल पूँजी कोषको अधिकतम ५ प्रतिशत रकम तरल सम्पत्तिको रुपमा राख्न सक्नेछ।

८. कम्पनीले कुनै पनि सार्वजनिक कम्पनीले निर्माण गर्ने आयोजनामा प्रवाह गरेको ऋण रकमको सम्पूर्ण अंश वा केही अंश आयोजना सम्पन्न भई सञ्चालनमा आएपछि निश्चित मापदण्डको आधारमा शेयरमा परिणत (Mezzanine Financing) गर्न सक्नेछ ।

**(ख) ब्याजदर सम्बन्धी व्यवस्थाः**

१. कम्पनीबाट बैंक तथा वित्तीय संस्थासँगको सहवित्तीयकरण वा समूहमा ऋण लगानी गर्दा प्राप्त गर्ने ब्याजदर कर्जा सम्झौताको अधिनमा रही ब्याजदर सम्बन्धी नेपाल राष्ट्र बैंकले तोकेको मापदण्ड एवम् ऋण प्रदायक संस्थाहरुको सहवित्तीयकरण/समूहको निर्णय अनुसार निर्धारण गरिनेछ।

२. कम्पनीबाट प्रत्यक्ष रुपमा परियोजनामा ऋण लगानी गर्दा वा बैंक मार्फत थोक कर्जा (अनलेण्डिङ्ग) प्रवाह गर्दा प्राप्त गर्ने ब्याजदर सञ्चालक समितिबाट स्वीकृत ब्याजदर सम्बन्धी नीतिगत मापदण्ड बमोजिम निर्धारण गरिनेछ।

३. ब्याजदर सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुनको अधिनमा रही आवश्यकता अनुसार निर्धारण गरिनेछ।

**(ग) संस्थागत सुशासन सम्बन्धी व्यवस्थाः**

१. कम्पनीमा संस्थागत सुशासनको प्रवर्द्धन गर्न सञ्चालक स्तरीय लेखा परीक्षण समिति, जोखिम व्यवस्थापन समिति, मानव संशाधन तथा सेवा सुविधा समिति लगायत कार्य क्षेत्रगत शर्तहरु तोकी आवश्यकता अनुसार समितिहरु गठन गरिनेछ।

२. सञ्चालक समितिले कम्पनीको दैनिक कार्य सञ्चालन तथा व्यवस्थापन, स्रोत परिचालन, लगानी, असूली, लेखा आदि सम्बन्धमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय असल अभ्यासहरुको अनुसरण गर्दै आवश्यक नीति तथा कार्यविधिहरु तयार गरी लागू गर्नेछ।

३. कम्पनीले नियामक निकाय एवम् नेपाल सरकारबाट प्राप्त निर्देशनको पूर्ण पालना गर्नेछ। त्यस्तो निर्देशनको कार्यान्वयनको लागि सञ्चालक समितिले आवश्यकता अनुसार कार्यविधिहरु तयार गरी लागू गर्नेछ।

**(घ) कार्यकारी प्रमुख एवं कर्मचारी सम्बन्धी व्यवस्थाः**

१. प्रमुख कार्यकारी अधिकृतको योग्यता, छनौट तथा नियुक्ति प्रक्रिया कम्पनीको प्रवन्धपत्र र नियमावली बमोजिम

हुनेछ। तर प्रवन्धपत्र तथा नियमावलीमा जुनसुकै कुरा लेखिएको भएता पनि प्रचलित कानून र नेपाल सरकारवाट जारी भएका गठन आदेश, निर्देशिका आदिमा सार्वजनिक संस्थानको प्रमुख कार्यकारी अधिकृत नियुक्ति सम्वन्धी छुट्टै व्यवस्था गरिएमा सोही वमोजिम प्रमुख कार्यकारी अधिकृत नियुक्ति गर्नु पर्नेछ।

२. बहालवाला सञ्चालकले कम्पनीको प्रमुख कार्यकारी अधिकृतको पदमा आवेदन दिन पाउने छैन।

३. कर्मचारीको नियुक्ति तथा सेवाका शर्तहरु लोक सेवा आयोगको परामर्शमा सञ्चालक समितिबाट स्वीकृत कर्मचारी विनियमावली बमोजिम हुनेछ।

४. कम्पनीका प्रमुख कार्यकारी अधिकृत तथा कर्मचारीमा पूर्ण व्यावसायिक दक्षता र उच्च मनोबल कायम गर्दै लक्षित उद्देश्य प्राप्ति प्रति जवाफदेही र जिम्मेवार बनाईने छ।

**(ङ) व्यवस्थापन करार तथा कोष व्यवस्थापक सम्बन्धी व्यवस्थाः**

१. कम्पनीको सञ्चालन तथा व्यवस्थापन सुदृढ, प्रभावकारी एवं निष्पक्ष रुपमा गर्नका लागि कम्पनीको सञ्चालक समितिले आवश्यक र उपयुक्त देखेमा यस्तो प्रकारको कम्पनी सञ्चालनमा विशेषज्ञता हासिल गरेका स्वदेशी वा विदेशी दक्ष क्षमतावान व्यक्ति, समूह वा संघ/संस्थालाई कम्पनीको व्यवस्थापनको सम्पूर्ण वा केही कामका लागि करारमा नियुक्त गर्न सक्नेछ।

२. व्यवस्थापन करार गर्दा उचित शर्तहरुको आधारमा स्वदेशी वा विदेशी संघ/संस्था, विशेषज्ञ वा अन्य कुनै दक्ष व्यक्तिसंग कोष व्यवस्थापक (फण्ड म्यानेजर) को रुपमा व्यवस्थपन सम्झौता गरी उक्त कोष व्यवस्थापनलाई कम्पनीको पूर्ण सञ्चालन वा व्यवस्थापन गर्न जिम्मा दिन सक्नेछ।

# हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको (दशौं संशोधन) नियमावली, २०७८

साधारण सभाबाट पारित मितिः २०७८।९।२२

हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको नियमावली, २०६८ लाई संशोधन गर्न बाञ्छनीय भएकोले,

हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको साधारण सभाले हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको नियमावली, २०६८ मा देहाय बमोजिम संशोधन गरेको छः-

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस संशोधनको नाम "हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको (दशौं संशोधन) नियमावली, २०७८" रहेको छ।

(२) यो नियमावली साधारण सभाबाट पारित भएको दिनदेखि प्रारम्भ हुनेछ।

२. हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको नियमावली, २०६८ को नियम ८ मा संशोधनः हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको नियमावली, २०६८ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ८ को सट्टा देहायको नियम ८ राखिएको छः-

"८. नियम ७ बमोजिम जारी भएको शेयर खरिद गर्ने शेयरधनीको अधिकारमा हेरफेर गर्दा सम्बन्धित वर्गका शेयरधनीहरको स्वीकृति चाहिने वा नचाहिनेः नियम ७ बमोजिम जारी भएको शेयर खरिद गर्न शेयरधनीको अधिकारमा हेरफेर गर्दा प्रचलित कानून बमोजिम गरिनेछ।"

३. मूल नियमावलीको नियम ९ मा संशोधनः मूल नियमावलीको नियम ९ को सट्टा देहायको नियम ९ राखिएको छः-

"९. अग्राधिकार शेयरः कम्पनीले आवश्यकता अनुसार अग्राधिकार शेयर जारी गरी पूँजी परिचालन गर्न सक्नेछ। अग्राधिकार शेयरको हकमा शेयरधनीको हक अधिकार तथा बन्देजहरु उक्त शेयर जारी गर्ने बखतमा प्रकाशित गरिने विस्तृत विवरणपत्रमा उल्लेख गरिए बमोजिम हुनेछ।"

४. मूल नियमावलीको नियम १० मा संशोधनः मूल नियमावलीको नियम १० को सट्टा देहायको नियम १० राखिएको छः-

"१०. संस्थापकले लिनु पर्ने शेयरः शेयरधनीले कम्पनीको संस्थापक हुन कम्तीमा १,००,००,००० (एक करोड) कित्ता शेयर लिएको हुनुपर्नेछ।

तर, कम्पनी संस्थापना भए पश्चात संस्थापक समूहको शेयर खरिद गर्ने शेयरधनीको हकमा सो सीमा लागू हुनेछैन।"

५. मूल नियमावलीको नियम १३ मा संशोधनः मूल नियमावलीको नियम १३ को सट्टा देहायको नियम १३

राखिएको छः-

"१३. **शेयरको प्रमाण पत्रः** (१) कम्पनीले जारी गर्ने शेयरको प्रमाणपत्रमा कुनै सञ्चालक वा कम्पनीको कार्यकारी प्रमुख वा कम्पनी सचिवमध्ये कुनै दुई जनाको दस्तखत र कम्पनीको छाप लगाई शेयर प्रमाणपत्र दिइनेछ।

(२) शेयर प्रमाणपत्र सम्बन्धी अन्य व्यवस्था ऐन बमोजिम हुनेछ।"

६. मूल नियमावलीको नियम १७ मा संशोधनः मूल नियमावलीको नियम १७ को उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छः-

"(३) शेयरधनी तथा डिवेञ्चरवालाको दर्ता किताबको निरीक्षण सम्बन्धी अन्य व्यवस्था ऐन बमोजिम हुनेछ।"

७. मूल नियमावलीको नियम २४ मा संशोधनः मूल नियमावलीको नियम २४ को उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छः-

"(४) प्रतिनिधिले मतदान गर्न पाउने अधिकतम हद वा सीमा त्यस्तो शेयरधनीले लिन पाउने कम्पनीको अधिकतम शेयर हिस्साको मतदान सीमा भन्दा बढी हुने छैन।"

८. मूल नियमावलीको नियम २७ मा संशोधनः मूल नियमावलीको नियम २७ को उपनियम (१) र (२) को सट्टा देहायका उपनियम (१) र (२) राखिएका छन्ः-

"(१) सञ्चालकहरुको नियुक्ति, मनोनयन वा निर्वाचन वार्षिक साधारण सभाबाट हुनेछ।

तर, समूह "क" को उपसमूह क-१ मा रहेका नेपाल सरकारका निकायहरु र उपसमूह क-२ मा रहेका सार्वजनिक निकायहरुबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरु सम्बन्धित निकायबाट नियुक्त हुनेछन्।

(२) यस कम्पनीमा सात जनाको सञ्चालक समिति हुनेछ।

(क) समूह "क" का शेयरधनीहरु मध्येबाट ५ जना

(१) नेपाल सरकार, अर्थ मन्त्रालयबाट १ जना (सचिव वा सहसचिव)

(२) नेपाल सरकार, ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालयबाट १ जना (सचिव वा सहसचिव)

(३) नेपाल सरकार, कानून, न्याय तथा संसदिय मामिला मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयबाट पालोक्रम अनुसार १ जना (सचिव वा सहसचिव)

(४) कर्मचारी सञ्चय कोष, राष्ट्रिय बीमा संस्थान र नागरिक लगानी कोषबाट शेयर स्वामित्वका आधारमा आपसी सहमतिमा पालोक्रम अनुसार १ जना (कार्यकारी प्रमुख वा सो भन्दा एक तह मुनिको पदाधिकारी)

(५) संस्थापक समूह अन्तर्गतको उपसमूह क-२ का अन्य संस्थापक शेयरधनीहरुमध्येबाट निर्वाचित १ जना

(ख) समूह "ख" का सर्वसाधारण शेयरधनीहरु मध्येबाट निर्वाचित १ जना

(ग) स्वतन्त्र सञ्चालक १ जना।"

९. मूल नियमावलीको नियम २८ मा संशोधनः मूल नियमावलीको नियम २८ को सट्टा देहायको नियम २८ राखिएको छः-,

"२८. सञ्चालक हुन लिनुपर्ने न्युनतम शेयर संख्याः यस कम्पनीको सञ्चालकको पदमा नियुक्त, मनोनयन वा निर्वाचित हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा न्युनतम १०० कित्ता शेयर लिएको हुनु पर्नेछ।

तर, स्वतन्त्र सञ्चालक र नेपाल सरकार वा सङ्गठीत संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागू हुने छैन।"

१०. मूल नियमावलीको नियम २९ मा संशोधनः मूल नियमावलीको नियम २९ को सट्टा देहायको नियम २९ राखिएको छः-

"२९. शेयरधनी बाहेकको अन्य कुनै स्वतन्त्र सञ्चालक नियुक्त गर्ने भए निजहरुको संख्या, कार्यकाल, योग्यता तथा नियुक्ति प्रक्रिया सम्बन्धी व्यवस्था खुलाउनेः

(१) कम्पनीमा शेयरधनी बाहेकका देहायको योग्यता पुगेको एक जना स्वतन्त्र सञ्चालक रहने छन्:-

(क) नियुक्ति हुँदाका वखतमा कम्तीमा ४० वर्ष उमेर पूरा भएको र ६० वर्ष ननाघेको,

(ख) उच्च दक्षता एवं नैतिकता प्रदर्शन गरेको,

(ग) राजनैतिक दलको सदस्य नरहेको,

(घ) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण वा नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

(ङ) बैंकको ऋण नतिर्नेको कालोसूचिमा समावेश नभएको, र

(च) ब्यक्तिगत वेरुजू वा सरकारी रकम बक्यौता नरहेको।

(२) उपनियम (१) मा उल्लिखित योग्यताको अतिरिक्त स्वतन्त्र सञ्चालकको लागि देहायको शैक्षिक योग्यता र कार्य अनुभव हुनु पर्नेछः-

(क) मान्यता प्राप्त विश्वविद्यालयवाट इञ्जिनियरिङ्ग, जलविद्युत, निर्माण व्यवस्थापन, बैंकिङ्ग, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, तथ्यांकशास्त्र, गणितशास्त्र, व्यापार प्रशासन, जनप्रशासन वा कानून विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको वा चार्टर्ड एकाउण्टेन्सी उपाधि हासिल गरेको, र

(ख) कुनै विदेशी वा स्वदेशी बैंक वा वित्तीय संस्थामा लगानी व्यवस्थापनको क्षेत्रमा सञ्चालक

वा पदाधिकारी तहमा कम्तीमा दश वर्षको कार्य अनुभव हासिल गरेको वा ऊर्जा उत्पादन/प्रसारण/परामर्श/विकाससँग सम्बन्धित सङ्गठीत संस्थाको सञ्चालक वा पदाधिकारी तहमा कम्तीमा दश वर्षको कार्य अनुभव हासिल गरेको वा नेपाल सरकार वा नेपाल सरकार अन्तर्गतको सङ्गठीत संस्थामा बैंकिङ्ग, ऊर्जा वा आर्थिक व्यवस्थापनको क्षेत्रमा अधिकृत प्रथम श्रेणी वा सो सरहको पदमा कम्तीमा तीन वर्षको कार्य अनुभव हासिल गरेको।

(३) स्वतन्त्र सञ्चालकको नियुक्तिको लागि सञ्चालक समितिले योग्य व्यक्तिहरुको नाम चयन गरी नियुक्तिको लागि साधारण सभामा पेश गर्नु पर्नेछ। यसरी नाम तयार गर्दा एक जना सञ्चालक नियुक्तिको लागि कम्तीमा तीन जना योग्य व्यक्तिहरुको नाम स्वतन्त्र सञ्चालक नियुक्तिको लागि साधारण सभामा प्रस्तुत गर्नु पर्नेछ।

(४) स्वतन्त्र सञ्चालकको नियुक्ति उपनियम (२) बमोजिम साधारण सभामा प्रस्तुत प्रस्तावमा उल्लेख गरिएका व्यक्तिहरुमध्येबाट गरिनेछ।

(५) स्वतन्त्र सञ्चालकको काम, कर्तव्य र अधिकार अन्य सञ्चालक सरह हुनेछ।"

११. <u>मूल नियमावलीको नियम ३० मा संशोधनः</u> मूल नियमावलीको नियम ३० को सट्टा देहायको नियम ३० राखिएको छः-

"३०. <u>सञ्चालक पुनः नियुक्त हुन सक्ने वा नसक्नेः</u> (१) एक पटक सञ्चालक भईसकेको व्यक्ति सञ्चालकमा पुनः नियुक्त हुन सक्नेछ।

तर, स्वतन्त्र सञ्चालक एक कार्यकालका लागि मात्र नियुक्त हुन सक्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो व्यवस्था प्रारम्भ हुँदा बहाल रहेको स्वतन्त्र सञ्चालक सो पदमा नियुक्ति हुँदाका बखत कायम रहेको व्यवस्था अनुसार आफ्नो पूरा कार्यकाल पदमा बहाल रहन सक्नेछ।"

१२. <u>मूल नियमावलीको नियम ३१ मा संशोधनः</u> मूल नियमावलीको नियम ३१ को सट्टा देहायको नियम ३१ राखिएको छः-

"३१. <u>सञ्चालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गर्ने भए सो खुलाउनेः</u> समितिमा सञ्चालकहरुको नियुक्ति गर्दा समूहगत रुपमा प्रतिनिधित्व हुने गरी देहाय बमोजिम गरिने छः-

(क) संस्थापक समूह "क" मा २ वटा उपसमूह रहनेछ। उपसमूह क-१ बाट मनोनित ३ जना, उपसमूह क-२ मा रहेका कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र राष्ट्रिय बीमा संस्थानमध्येबाट आपसी सहमतिमा पालोक्रम अनुसार मनोनित १ जना र उपसमूह क-२ मा रहेका अन्य संस्थापक शेयरधनीहरुबाट निर्वाचित १ जना गरी जम्मा ५ जना सञ्चालकहरु हुनेछन्। कुनै उपसमूहमा आपसी सहमती हुन नसकी निर्वाचन हुने भएमा

सोही उपसमूहका शेयरधनीहरुको मात्र सो उपसमूहमा मतदान गर्ने अधिकार हुनेछ। उपसमूह क-२ अन्तर्गतका अन्य संस्थापकलाई छुट्याइएको सम्पूर्ण शेयर चुक्ता भए पश्चात त्यस्ता संस्थापक शेयरधनीबाट सञ्चालक समितिमा प्रतिनिधित्व हुनेछ।

(ख) समूह "ख" का सर्वसाधारण शेयरधनीबाट निर्वाचित १ जना।"

१३. मूल नियमावलीको नियम ३८ मा संशोधनः मूल नियमावलीको नियम ३८ को उपनियम (८) पछि देहायको उपनियम (९) थपिएको छः-

"(९) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालकहरुले विद्युतिय माध्यमको प्रयोग गरी अभौतिक रुपमा उपस्थिति जनाई सञ्चालक समितिको बैठक बस्न सक्नेछ।"

१४. मूल नियमावलीको नियम ४९ मा संशोधनः मूल नियमावलीको नियम ४९ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छः-

"(१) यो कम्पनी कम्पनी ऐन, २०६३ अन्तर्गत कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा संस्थापित भई ऐन अन्तर्गत रही यसले जलविद्युत तथा नवीकरणीय उर्जा क्षेत्रमा लगानी एवं विकासका लागि मात्र आवश्यक कारोबार गर्नेछ।"

तीन महले

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुको कारण |
|---|---|---|
| **दफा ३ मा संशोधन-**<br>कम्पनीले गर्ने व्यवसाय वा कारोबारको प्रकृतिः कम्पनीले नेपालको जलविद्युत क्षेत्रको विकासका लागि आवश्यक पर्ने पूँजीको आपूर्ति गर्नका लागि दीर्घकालीन प्रकृतिका पूँजी परिचालन गर्ने र त्यसरी उपलब्ध हुने वित्तीय श्रोतलाई आर्थिक, प्राविधिक रुपले सम्भाव्य जलविद्युत परियोजनाहरुको शेयरमा लगानी तथा ऋण प्रवाह गर्ने प्रकृतिको कारोबार गर्नेछ। | दफा ३-<br>कम्पनीले गर्ने व्यवसाय वा कारोबारको प्रकृतिः कम्पनीले नेपालको जलविद्युत तथा नवीकरणीय ऊर्जाको विकासका लागि आवश्यक पर्ने पूँजीको आपूर्ति गर्नका लागि दीर्घकालीन प्रकृतिका पूँजी परिचालन गर्ने र त्यसरी उपलब्ध हुने वित्तीय श्रोतलाई आर्थिक एवम् प्राविधिक रुपले सम्भाव्य जलविद्युत तथा नवीकरणीय ऊर्जासँग सम्बन्धित परियोजनाहरुको शेयरमा लगानी तथा ऋण प्रवाह गर्ने प्रकृतिको कारोबार गर्नेछ। | जलविद्युतमा मात्र सिमित कम्पनीको व्यवसायको दायरालाई विस्तार गर्दै नवीकरणीय ऊर्जा क्षेत्रलाई समेत कम्पनीको व्यवसायमा समेट्नुपर्ने आवश्यकता रहेकोले। |
| **दफा ४ को उपदफा (१) मा संशोधन-**<br>(१) यस कम्पनीको उदेश्यहरु देहाय बमोजिम हुनेछः<br>(क) जलविद्युत उत्पादन, प्रसारण तथा वितरण गर्ने परियोजनामा कम्पनीले शेयर वा ऋण लगानी गर्ने।<br>(ख) जलविद्युत उत्पादन, प्रसारण तथा वितरण गर्ने परियोजनाका लागि बैंक तथा वित्तीय संस्था मार्फत लगानी गर्ने।<br>(ग) जलविद्युत उत्पादन, प्रसारण तथा वितरण गर्ने परियोजनामा वित्तीय लगानी गर्ने प्रयोजनका लागि विदेशी संस्थाबाट ऋण तथा अनुदान प्राप्त गर्ने।<br>(घ) कम्पनीले आफ्नो नामबाट बण्ड, डिवेञ्चर लगायतका | दफा ४ को उपदफा (१) -<br>(१) यस कम्पनीको उद्देश्यहरु देहाय बमोजिम हुनेछः<br>(ट) जलविद्युत तथा नवीकरणीय ऊर्जाको उत्पादन, प्रसारण, वितरण तथा व्यापार गर्ने परियोजना वा सङ्गठित संस्थामा शेयर वा ऋण लगानी गर्ने।<br>(ठ) बैंक, वित्तीय संस्था, गैह्र बैंकिङ्ग वित्तीय संस्था एवम् अन्य निकायहरुसँगको सहकार्य तथा सहभागितामा जलविद्युत तथा नवीकरणीय ऊर्जाको उत्पादन, प्रसारण, वितरण तथा व्यापार गर्ने परियोजना वा सङ्गठित संस्थामा लगानी गर्ने। | जलविद्युतमा मात्र सिमित कम्पनीको व्यवसायको दायरालाई विस्तार गर्दै नवीकरणीय ऊर्जा क्षेत्रलाई कम्पनीको व्यवसायमा समेट्नुपर्ने आवश्यकता रहेकोले। |

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुको कारण |
|---|---|---|
| ऋणपत्रहरु तथा सर्टिफिकेट अफ डिपोजिटजस्ता वित्तीय उपकरणहरु जारी गरी दीर्घकालीन प्रकृतिको पूँजी परिचालन गर्ने।<br>(ङ) जलविद्युत परियोजनाले जारी गर्ने बण्ड, डिबेञ्चरजस्ता ऋणपत्रमा कम्पनीले लगानी गर्ने।<br>(च) जलविद्युत परियोजनाहरुको प्राविधिक मूल्यांकनको लागि प्राविधिक जनशक्तिको सीप र दक्षता अभिवृद्धि गर्नेछ।<br>(छ) आफ्नो स्वामित्वमा सहायक कम्पनी स्थापना गरी जलविद्युत उत्पादन, प्रसारण तथा वितरण गर्ने परियोजना लिई लगानीकर्ता जुटाउने।<br>(ज) सम्बन्धित निकायको स्वीकृतीमा सामुहिक लगानी कोष स्थापना एवं संचालन गर्ने।<br>(झ) जलविद्युत क्षेत्रको विकासका लागि नेपाल सरकारद्धारा सञ्चालित पूँजी संकलनका कार्यक्रम वा योजनाहरुको कोष व्यवस्थापकको रुपमा कार्य गर्ने। | (ड) जलविद्युत तथा नवीकरणीय ऊर्जाको उत्पादन, प्रसारण, वितरण तथा व्यापार गर्ने परियोजना वा सङ्गठित संस्थामा वित्तीय लगानी गर्ने प्रयोजनका लागि विदेशी संस्थाबाट लगानी, ऋण तथा अनुदान प्राप्त गर्ने।<br>(ढ) कम्पनीले आफ्नो नामबाट बण्ड, डिबेञ्चर लगायतका ऋणपत्रहरु तथा सर्टिफिकेट अफ डिपोजिटजस्ता वित्तीय उपकरणहरु जारी गरी दीर्घकालीन प्रकृतिको पूँजी परिचालन गर्ने।<br>(ण) जलविद्युत तथा नवीकरणीय ऊर्जासँग सम्बन्धित परियोजनाका लागि जारी हुने बण्ड, डिबेञ्चरजस्ता ऋणपत्रमा कम्पनीले लगानी गर्ने।<br>(त) जलविद्युत तथा नवीकरणीय ऊर्जासँग सम्बन्धित परियोजनाहरुको मूल्यांकनको लागि प्राविधिक जनशक्तिको सीप र दक्षता अभिवृद्धि गर्ने।<br>(थ) आफ्नो स्वामित्वमा सहायक कम्पनी स्थापना गरी जलविद्युत तथा नवीकरणीय ऊर्जाको उत्पादन, प्रसारण, वितरण तथा व्यापार गर्ने परियोजना लिई लगानीकर्ता जुटाउने।<br>(द) सम्बन्धित निकायको स्वीकृतिमा सामुहिक लगानी कोष स्थापना एवम् सञ्चालन गर्ने।<br>(ध) जलविद्युत तथा नवीकरणीय ऊर्जा क्षेत्रको विकासका | |

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुको कारण |
| --- | --- | --- |
| | लागि नेपाल सरकारद्धारा सञ्चालित पूँजी संकलनका कार्यक्रम वा योजनाहरुको कोष व्यवस्थापकको रुपमा कार्य गर्ने।<br>(न) ऊर्जासँग सम्बन्धित अध्ययन, अनुसन्धान, परामर्श लगायतका सेवा प्रदान गर्ने एवम् त्यस्तो सेवाप्रदायक कम्पनीमा शेयर वा ऋण लगानी गर्ने। | |
| **दफा ५ को खण्ड (च) मा संशोधन-**<br>(च) कम्पनीले आर्थिक एवं प्राविधक रुपले सम्भाव्य जलविद्युत उत्पादन, प्रसारण र वितरणको निम्ति वित्तीय साधन लगानीका लागि कम्पनीसमक्ष पेश हुन आउने विस्तृत परियोजना अध्ययन प्रतिवेदन विश्लेषणं गरी उपयुक्तताको आधारमा त्यस्तो परियोजनामा लगानी गर्ने। | दफा ५ को खण्ड (च)-<br>(च) कम्पनीले आर्थिक एवं प्राविधिक रुपले सम्भाव्य जलविद्युत तथा नवीकरणीय ऊर्जाको उत्पादन, प्रसारण, वितरण तथा व्यापारको निम्ति वित्तीय साधन लगानीका लागि कम्पनीसमक्ष पेश हुन आउने विस्तृत परियोजना अध्ययन प्रतिवेदन विश्लेषण गरी उपयुक्तताको आधारमा त्यस्तो परियोजनामा लगानी गर्ने। | "जलविद्युत" भन्ने शब्दको सट्टा "जलविद्युत तथा नवीकरणीय ऊर्जा" भन्ने शब्दहरु राखिएको। |
| **दफा ५ को खण्ड (झ) मा संशोधन-**<br>(झ) कम्पनीले स्वदेशी वा विदेशी सङ्गठित संस्थाहरुसंगको संयुक्त लगानीमा जलविद्युत परियोजनामा संस्थापक शेयरधनीको रुपमा लगानी गर्ने। | दफा ५ को खण्ड (झ)-<br>(झ) कम्पनीले स्वदेशी वा विदेशी सङ्गठित संस्थाहरुसंगको संयुक्त लगानीमा जलविद्युत तथा नवीकरणीय ऊर्जासँग सम्बन्धित परियोजनामा संस्थापक शेयरधनीको रुपमा लगानी गर्ने। | "जलविद्युत" भन्ने शब्दको सट्टा "जलविद्युत तथा नवीकरणीय ऊर्जा" भन्ने शब्दहरु राखिएको। |
| **दफा ५ को खण्ड (ट) मा संशोधन-**<br>(ट) कम्पनीले नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त गरी जलविद्युत परियोजनामा प्रत्यक्ष वा कुनै बैंक वा वित्तीय संस्था मार्फत अप्रत्यक्ष रुपमा ऋण प्रवाह गर्ने। | दफा ५ को खण्ड (ट)-<br>(ट) कम्पनीले नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त गरी जलविद्युत तथा नवीकरणीय ऊर्जासँग सम्बन्धित परियोजनामा प्रत्यक्ष वा कुनै बैंक वा वित्तीय संस्था मार्फत | "जलविद्युत" भन्ने शब्दको सट्टा "जलविद्युत तथा नवीकरणीय ऊर्जा" भन्ने शब्दहरु राखिएको। |

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुको कारण |
|---|---|---|
| | अप्रत्यक्ष वा अनलेण्डिङ्ग रुपमा ऋण प्रवाह गर्ने। | |
| **दफा ५ को खण्ड (ठ) मा संशोधन-**<br>(ठ) जलविद्युत परियोजनाको प्रवद्र्धनका लागि नेपाल सरकार वा अन्य स्वदेशी वा विदेशी निकायबाट प्राप्त भएको रकम ऋणको रुपमा प्रवाह गर्ने वा ऋण व्यवस्थापन गर्ने। | दफा ५ को खण्ड (ठ)-<br>(ठ) जलविद्युत तथा नवीकरणीय ऊर्जासँग सम्बन्धित परियोजनाको प्रवर्द्धनका लागि नेपाल सरकार वा अन्य स्वदेशी वा विदेशी निकायबाट प्राप्त भएको रकम ऋणको रुपमा प्रवाह गर्ने वा ऋण व्यवस्थापन गर्ने। | "जलविद्युत" भन्ने शब्दको सट्टा "जलविद्युत तथा नवीकरणीय ऊर्जा" भन्ने शब्दहरु राखिएको। |
| **दफा ५ को खण्ड (ढ१) मा संशोधन-**<br>(ढ१) कम्पनीले जलविद्युत आयोजनाहरु आफ्नो स्वामित्वमा लिई संभाव्यता अध्ययन, वातावरणीय प्रभाव मुल्यांकन, विस्तृत अध्ययन गरी वा गराई निर्माण गर्न आवश्यक कार्यहरु गर्ने। | दफा ५ को खण्ड (ढ१)-<br>(ढ१) कम्पनीले जलविद्युत तथा नवीकरणीय ऊर्जासँग सम्बन्धित आयोजनाहरु आफ्नो स्वामित्वमा लिई सम्भाव्यता अध्ययन, वातावरणीय प्रभाव मुल्यांङ्कन, विस्तृत अध्ययन गरी वा गराई निर्माण गर्न आवश्यक कार्यहरु गर्ने। | "जलविद्युत" भन्ने शब्दको सट्टा "जलविद्युत तथा नवीकरणीय ऊर्जा" भन्ने शब्दहरु राखिएको। |
| **दफा ६ मा संशोधन-**<br>६. कम्पनीको पूँजीको संरचनाः कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछः<br>(क) कम्पनीको अधिकृत पूँजी रु. ५०,००,००,००,०००।— (अक्षरेपी पचास अर्ब रुपैयाँ) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००।— (अक्षरेपी एकसय रुपैयाँ) दरका ५०,००,००,००० (पचास करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ।<br>(ख) कम्पनीको तत्काल जारी शेयर पूँजी रु. २२,००,००,००,०००।— (अक्षरेपी बाइस अरब रुपैयाँ) हुनेछ । पूँजीलाई प्रतिशेयर रु. १००।— (अक्षरेपी एकसय | दफा ६-<br>६. कम्पनीको पूँजीको संरचनाः कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछः<br>(क) कम्पनीको अधिकृत पूँजी रु. ५०,००,००,००,०००।- (अक्षरेपी पचास अर्ब रुपैयाँ) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००।- (अक्षरेपी एकसय रुपैयाँ) दरका ५०,००,००,००० (पचास करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ।<br>(ख) कम्पनीको तत्काल जारी शेयर पूँजी रु. २३,४९,६०,००,०००।- (अक्षरेपी तेईस अर्ब | कम्पनीबाट प्रदान गरिएको ८% वोनस शेयरको कारणले हुने पूँजी वृद्धिको रकमलाई मिलाइएको र उपसमूह क-२ का संस्थापकहरुबाट खरिद नभएको हकप्रद शेयर खरिद गर्ने शेयरधनीलाई उपसमूह क-२ मा "अन्य संस्थापक" शीर्षकमा राखिएको। |

## विद्यमान व्यवस्था

रुपैया) दरका २२,००,००,००० (वाइस करोड) थान साधारण शेयरमा विभाजंन गरिएको छ।

(ग) कम्पनीको संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल पूँजी रु १७,६०,००,००,०००।—(अक्षरेपी सत्र अर्ब साठ्ठी करोड रुपैयाँ) र सर्व साधारणले चुक्ता गर्न कबुल गरेको पूँजी रु ४,४०,००,००,०००।—(अक्षरेपी चार अर्ब चालिस करोड रुपैयाँ) हुनेछ।

(घ) सस्थापक शेयरधनीहरुलाई समुह "क" मा बर्गिकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ८० प्रतिशत हुनेछ । यो समूहलाई देहाय बमोजिम २ वटा उपसमूहमा विभाजन गरिएको छः

उपसमूह क-१

| क.सं. | संस्थापकको नाम | लिन कबूल गरेको शेयर संख्या (कित्ता) |
|---|---|---|
| १. | नेपाल सरकार, अर्थ मन्त्रालय | ४,४०,००,०००।- |
| २. | नेपाल सरकार, उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय | २,२०,००,०००।- |
| ३. | नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | २,२०,००,०००।- |
| ४. | नेपाल स्ररकार, महालेखा नियन्त्रकको कार्यालय | २,२०,००,०००।- |
| | उपसमूह क-२ | |
| ५. | कर्मचारी सञ्चय कोष | २,२०,००,०००।- |

## प्रस्तावित व्यवस्था

उनान्पचास करोड साठी लाख रुपैयाँ) हुनेछ । पूँजीलाई प्रतिशेयर रु. १००।- (अक्षरेपी एकसय रुपैयाँ) दरका २३,४९,६०,००० (तेइस करोड उनान्पचास लाख साठी हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ।

(ग) कम्पनीको संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रु. १५,४४,४०,००,०००।- (अक्षरेपी पन्ध्र अर्ब चवालिस करोड चालीस लाख रुपैयाँ) र सर्वसाधारणले चुक्ता गर्न कबुल गरेको पूँजी रु. ४,७५,२०,००,०००।- (अक्षरेपी चार अर्ब पचहत्तर करोड बीस लाख रुपैयाँ) हुनेछ।

(घ) संस्थापक शेयरधनीहरुलाई समूह "क" मा बर्गीकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ८० प्रतिशत हुनेछ। यो समूहलाई देहाय बमोजिम २ वटा उपसमूहमा विभाजन गरिएको छः

| क.सं. | शेयरधनीको विवरण | शेयर संख्या (कित्ता) |
|---|---|---|
| | उपसमूह क-१ | |
| १. | नेपाल सरकार, अर्थ मन्त्रालय | ४,७५,२०,००० |
| २. | नेपाल सरकार, ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय | २,३७,६०,००० |

## संशोधन गर्नुको कारण

<table>
<tr><th>विद्यमान व्यवस्था</th><th>प्रस्तावित व्यवस्था</th><th>संशोधन गर्नुको कारण</th></tr>
<tr><td>
<table>
<tr><td>६.</td><td>राष्ट्रिय बीमा संस्थान</td><td>२,२०,००,०००।-</td></tr>
<tr><td>७.</td><td>नागरिक लगानी कोष</td><td>२,२०,००,०००।-</td></tr>
</table>
(ङ) सर्वसाधारणमा बिक्री गरिने शेयर खरिद गर्ने शेयरधनीलाई समूह "ख" मा वर्गीकरण गरिएको छ। यो समूहको शेयर स्वामित्व कम्पनीको जारी पूँजीको बीसप्रतिशत हुनेछ।<br>
(च) जुन समूह, उपसमुहको शेयर खरिद गरेको हो सो खरिद गर्ने ब्यक्ति/संस्था/ निकायलाई सोही समूह, उपसमूहमा राखिनेछ।<br>
(छ) प्रचलित कानुनको अधिनमा रही कम्पनीले आफ्नो पूँजी तथा स्वामित्वको संरचनामा हेरफेर गर्न सक्नेछ।
</td><td>
<table>
<tr><td>३.</td><td>नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय</td><td>२,३७,६०,०००</td></tr>
<tr><td>४.</td><td>नेपाल सरकार, महालेखा नियन्त्रकको कार्यालय</td><td>२,३७,६०,०००</td></tr>
<tr><td colspan="3">उपसमूह क-२</td></tr>
<tr><td>५.</td><td>कर्मचारी सञ्चय कोष</td><td>१,१८,८०,०००</td></tr>
<tr><td>६.</td><td>राष्ट्रिय बीमा संस्थान</td><td>१,१८,८०,०००</td></tr>
<tr><td>७.</td><td>नागरिक लगानी कोष</td><td>१,१८,८०,०००</td></tr>
<tr><td>८.</td><td>अन्य संस्थापक</td><td>३,३०,००,०००</td></tr>
</table>
(ङ) सर्वसाधारणमा बिक्री गरिने शेयर खरिद गर्ने शेयरधनीलाई समूह "ख" मा वर्गीकरण गरिएको छ। यो समूहको शेयर स्वामित्व कम्पनीको जारी पूँजीको बीस प्रतिशत हुनेछ।<br>
(च) जुन समूह, उपसमूहको शेयर खरिद गरेको हो सो खरिद गर्ने ब्यक्ति/संस्था/ निकायलाई सोही समूह, उपसमूहमा राखिनेछ।<br>
(छ) प्रचलित कानूनको अधिनमा रही कम्पनीले आफ्नो पूँजी तथा स्वामित्वको संरचनामा हेरफेर गर्न सक्नेछ।
</td><td></td></tr>
<tr><td>दफा ११ को उपदफा (६) मा संशोधन-<br>(६) यस प्रबन्धपत्रमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि</td><td>दफा ११ को उपदफा (६)-<br>(६) कम्पनीले जलविद्युत उत्पादन परियोजनामा लगानी गर्दा</td><td>कम्पनीको पूँजीलाई व्यवस्थित</td></tr>
</table>

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुको कारण |
|---|---|---|
| कम्पनीले कम्तीमा २५ मेगावाट भन्दा बढिका मझौला तथा ठूला जलविद्युत परियोजनामा मात्र संस्थापक शेयरधनीका रुपमा लगानी तथा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा ऋण प्रदान गर्नेछ ।<br>तर कुनै बैंक वा बैंकहरुको समूहले लगानी गरिरहेका १० मेगावाट वा सो भन्दा बढीका आयोजनाहरुमा बैंकहरु मार्फत सम्बन्धित बैंकको दायित्वमा कम्पनीबाट ऋण लगानी गर्न वा बैंक तथा वित्तिय संस्थासँगको सहवित्तीयकरणमा १५ देखि २५ मेगावाट सम्मको जलविद्युत आयोजनाहरुमा बढिमा २० करोडसम्म ऋण लगानी गर्न वा संस्थापक शेयरधनीका रुपमा शेयर लगानी गर्न यस व्यवस्थाले वाधा पुगेको मानिने छैन। | कम्तीमा २५ मेगावाट वा सो भन्दा बढीका मझौला तथा ठूला जलविद्युत उत्पादन परियोजनामा मात्र संस्थापक शेयरधनीका रुपमा शेयर लगानी तथा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा ऋण प्रदान गर्नेछ।<br>तर कम्पनीबाट लगानी भएका परियोजनाको प्रवर्द्धकबाट निर्माण गरिने सो परियोजनाको क्यास्केड (Cascade) परियोजनामा लगानी गर्दा वा कुनै परियोजनाको क्षमता वा उत्पादन अभिवृद्धि गर्ने योजना अनुसार निर्माण गरिने पूरक परियोजनामा लगानी गर्दा वा कम्पनी आफैले प्रवर्द्धन गरेको सहायक कम्पनी वा नेपाल सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको सङ्गठित संस्था वा त्यस्तो संस्था मुख्य प्रवर्द्धक रहेको अन्य कुनै संस्थाद्वारा विकास गरिने परियोजनामा लगानी गर्दा यो व्यवस्था लागू हुने छैन। | रुपमा उपयोग गर्नको लागि मझौला तथा ठुला जलविद्युत परियोजनामा लगानी केन्द्रित गर्नका लागि। |
| दफा १२ को उपदफा (२) मा संशोधन-<br>(२) यो कम्पनीले जलविद्युत परियोजनामा मात्र लगानी गर्ने गरी नेपाली नागरिक, गैरआवासीय नेपाली, स्वदेशी/विदेशी संस्थाले खरीद गर्न पाउने गरी सर्टिफिकेट अफ डिपोजिट जारी गर्ने र जलविद्युत परियोजनामा ऋण प्रवाह गर्नका लागि उक्त कार्य प्रारम्भ गर्नु अघि नेपाल राष्ट्र बैंकबाट पूर्व स्वीकृति लिनेछ। तर, प्रबन्धपत्रको दफा ५ मा उल्लेख गरिएका नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिनुपर्ने कार्य बाहेक अन्य कार्य प्रारम्भ गर्ने गरी कम्पनी संस्थापना गर्नु अघि नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिन अनिवार्य हुने छैन। | दफा १२ को उपदफा (२)-<br>(२) यो कम्पनीले जलविद्युत तथा नवीकरणीय ऊर्जासँग सम्बन्धित परियोजनामा मात्र लगानी गर्ने गरी नेपाली नागरिक, गैरआवासीय नेपाली, स्वदेशी/विदेशी संस्थाले खरीद गर्न पाउने गरी सर्टिफिकेट अफ डिपोजिट जारी गर्ने र परियोजनामा ऋण प्रवाह गर्नका लागि उक्त कार्य प्रारम्भ गर्नु अघि नेपाल राष्ट्र बैंकबाट पूर्व स्वीकृति लिनेछ।<br>तर, प्रबन्धपत्रको दफा ५ मा उल्लेख गरिएका नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिनुपर्ने कार्य बाहेक अन्य कार्य प्रारम्भ | "जलविद्युत" भन्ने शब्दको सट्टा "जलविद्युत तथा नवीकरणीय ऊर्जा" भन्ने शब्दहरु राखिएको। |

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुको कारण |
| --- | --- | --- |
| | गर्ने गरी कम्पनी संस्थापना गर्नु अघि नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिन अनिवार्य हुने छैन। | |
| दफा १२ को उपदफा (४) सँग सम्बन्धित अनुसूची "जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड कम्पनी सञ्चालनका नीतिगत आधारहरु" मा संशोधन- | दफा १२ को उपदफा (४) सँग सम्बन्धित अनुसूची- दफा १२ को उपदफा (४) सँग सम्बन्धित अनुसूची "जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड कम्पनी सञ्चालनका नीतिगत आधारहरु" को सट्टा संलग्न अनुसूची "हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड कम्पनी सञ्चालनका नीतिगत आधारहरु" राखिएको छ। | दफा १२ को उपदफा (४) सँग सम्बन्धित अनुसूची "जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड कम्पनी सञ्चालनका नीतिगत आधारहरु" मा रहेका अधिकांश व्यवस्थाहरु प्रवन्धपत्र र नियमावलीमा छुट्टै उल्लेख भएको हुँदा दोहोरो व्यवस्था राखिराख्न सान्दर्भिक नहुने हुँदा दोहोरो व्यवस्थाहरु हटाई सो अनुसूचीमा आवश्यक भएका व्यवस्थाहरुमात्र राखी नयाँ अनुसूची तयार गर्न उपयुक्त देखिएकोले। |

## तीन महले

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुको कारण |
|---|---|---|
| **नियम ८ मा संशोधन-**<br>नियम ७ बमोजिम जारी भएको शेयर खरिद गर्न शेयरधनीको अधिकारमा हेरफेर गर्दा सम्बन्धित वर्गका शेयरधनीहरको स्वीकृती चाहिने वा नचाहिनेः साधारण शेयरलाई निम्न समुहमा वर्गीकरण गरिएको छ।<br>समूह (क)<br>संस्थापक शेयरधनी<br>उपसमूह क—१<br>नेपाल सरकार, अर्थ मन्त्रालय<br>नेपाल सरकार, नेपाल सरकार, उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय<br>नेपाल सरकार, कानून, न्याय तथा संसदिय मामिला मन्त्रालय<br>नेपाल सरकार, महालेखा नियन्त्रक कार्यालय<br>उपसमूह क—२<br>कर्मचारी संचयकोष<br>राष्ट्रिय बीमा संस्थान<br>नागरिक लगानी कोष<br>समूह (ख) | नियम ८-<br>नियम ७ बमोजिम जारी भएको शेयर खरिद गर्ने शेयरधनीको अधिकारमा हेरफेर गर्दा सम्बन्धित वर्गका शेयरधनीहरको स्वीकृति चाहिने वा नचाहिनेः नियम ७ बमोजिम जारी भएको शेयर खरिद गर्न शेयरधनीको अधिकारमा हेरफेर गर्दा प्रचलित कानून बमोजिम गरिनेछ। | नियम ८ को शीर्षक बमोजिमको व्यवस्था हुनुपर्नेमा अन्यथा भएकोले मिलाइएको। |

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुको कारण |
|---|---|---|
| सर्वसाधारण शेयरधनी<br>अग्राधिकार शेयरको हकमा शेयरधनीको हक अधिकार तथा बन्देजहरु उक्त शेयर जारी गर्ने बखतमा प्रकाशित गरिने विस्तृत विवरणपत्रमा उल्लेख गरिए बमोजिम हुनेछ । | | |
| **नियम ९ मा संशोधन-**<br>अग्राधिकार शेयरः कम्पनीले आवश्यकता अनुसार अग्राधिकार शेयर जारी गरी पूँजी परिचालन गर्न सक्नेछ। | नियम ९-<br>अग्राधिकार शेयरः कम्पनीले आवश्यकता अनुसार अग्राधिकार शेयर जारी गरी पूँजी परिचालन गर्न सक्नेछ। अग्राधिकार शेयरको हकमा शेयरधनीको हक अधिकार तथा बन्देजहरु उक्त शेयर जारी गर्ने बखतमा प्रकाशित गरिने विस्तृत विवरणपत्रमा उल्लेख गरिए बमोजिम हुनेछ। | नियम ९ मा हुनुपर्ने व्यवस्था नियम ८ को अन्तिम वाक्यको रुपमा रहेकोले मिलाइएको। |
| **नियम १० मा संशोधन-**<br>संस्थापकले लिनु पर्ने शेयरः शेयरधनीले कम्पनीको संस्थापक हुन कम्तीमा १,००,००,००० कित्ता शेयर लिएको हुनुपर्नेछ। | नियम १०-<br>संस्थापकले लिनु पर्ने शेयरः शेयरधनीले कम्पनीको संस्थापक हुन कम्तीमा १,००,००,००० (एक करोड) कित्ता शेयर लिएको हुनुपर्नेछ।<br>तर, कम्पनी संस्थापना भए पश्चात संस्थापक समूहको शेयर खरिद गर्ने शेयरधनीको हकमा सो सीमा लागू हुनेछैन। | संस्थापक शेयरधनी अन्तर्गतको बिक्री नभएको हकप्रद शेयर लिलाम बढाबढ वा अन्य प्रकृयाबाट बिक्री गर्ने प्रयोजनको लागि आवश्यक भएकोले। |
| **नियम १३ मा संशोधन-**<br>शेयरको प्रमाण पत्रः कम्पनीले जारी गर्ने शेयरको प्रमाणपत्रमा सञ्चालक समितिको अध्यक्ष तथा कम्पनीको कार्यकारी प्रमुख गरी दुई जनाको दस्तखत र कम्पनीको छाप लगाई शेयर प्रमाणपत्र दिइनेछ। | नियम १३ –<br>शेयरको प्रमाण पत्रः<br>(१) कम्पनीले जारी गर्ने शेयरको प्रमाणपत्रमा कुनै सञ्चालक वा कम्पनीको कार्यकारी प्रमुख वा कम्पनी सचिवमध्ये कुनै दुई जनाको दस्तखत र कम्पनीको छाप लगाई शेयर प्रमाणपत्र दिइनेछ। | शेयर रजिष्ट्रार मार्फत अभौतिक रुपमा शेयरको प्रमाण जारी गरिने अवस्था समेत भएकोले शेयर प्रमाणपत्र सम्बन्धी व्यवस्था कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम गर्नुपर्ने भएकोले। |

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुको कारण |
|---|---|---|
| | (२) शेयर प्रमाणपत्र संम्बन्धी अन्य व्यवस्था ऐन बमोजिम हुनेछ। | |
| **नियम १७ मा संशोधन-**<br>साविकमा नरहेको- | नियम १७ उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छ -<br>(३) शेयरधनी तथा डिवेञ्चरवालाको दर्ता किताबको निरीक्षण सम्बन्धी अन्य व्यवस्था ऐन बमोजिम हुनेछ। | शेयर रजिष्ट्रार मार्फत धितोपत्र निक्षेप सेवा लिई दर्ता किताब राखिने अवस्था भएकोले कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम गर्नुपर्ने भएकोले। |
| **नियम २४ को उपनियम (४) मा संशोधन-**<br>(४) प्रतिनिधिले मतदान गर्न पाउने अधिकतम हद वा सीमा त्यस्तो शेयरधनीले लिन पाउने बैंकको अधिकतम शेयर हिस्साको मतदान सीमा भन्दा बढी हुने छैन। | नियम २४ को उपनियम (४)-<br>(४) प्रतिनिधिले मतदान गर्न पाउने अधिकतम हद वा सीमा त्यस्तो शेयरधनीले लिन पाउने कम्पनीको अधिकतम शेयर हिस्साको मतदान सीमा भन्दा बढी हुने छैन। | भूलवस "बैंक" भन्ने शब्द रहेकोले सच्याइएको। |
| **नियम २७ को उपनियम (१) मा संशोधन-**<br>(१) सञ्चालकहरुको नियुक्ति, मनोनयन वा निर्वाचन वार्षिक साधारण सभाबाट हुनेछ। तर व्यवसायिक/स्वतन्त्र सञ्चालकको नियुक्ति समितिको सिफारिसमा वार्षिक साधारण सभाले गर्नेछ। | नियम २७ को उपनियम (१)-<br>(१) सञ्चालकहरुको नियुक्ति, मनोनयन वा निर्वाचन वार्षिक साधारण सभाबाट हुनेछ।<br>तर, समूह "क" को उपसमूह क-१ मा रहेका नेपाल सरकारका निकायहरु र उपसमूह क-२ मा रहेका सार्वजनिक निकायहरुबाट प्रतिनिधित्व गर्ने सञ्चालकहरु सम्बन्धित निकायबाट नियुक्त हुनेछन्। | संस्थापक शेयरधनीहरुबाट प्रतिनिधित्व हुने सञ्चालक मनोनयन हुने व्यवस्था खुलाइएको र "व्यवसायिक" शब्द हटाई कम्पनी ऐन बमोजिम "स्वतन्त्र सञ्चालक" शब्दहरु मात्र राखिएको। |
| **नियम २७ को उपनियम (२) मा संशोधन-**<br>(२) यस कम्पनीमा सात जनाको सञ्चालक समिति हुनेछ।<br>क) संस्थापक शेयरधनीहरु मध्येबाट ४ जना<br>(१) अर्थ मन्त्रालयबाट १ जना (सचिव वा | नियम २७ को उपनियम (२)-<br>(२) यस कम्पनीमा सात जनाको सञ्चालक समिति हुनेछ।<br>(क) समूह "क" का शेयरधनीहरु मध्येबाट ५ जना<br>(१) नेपाल सरकार, अर्थ मन्त्रालयबाट १ जना | कम्पनीमा शेयरधनीहरुको स्वामित्वको अनुपातमा सञ्चालक समितिमा प्रतिनिधित्व हुनुपर्ने भएकोले र कम्पनी ऐन, २०६३ |

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुको कारण |
|---|---|---|
| सहसचिव)<br>(२) उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालयबाट १ जना (सचिव वा सहसचिव)<br>(३) कानून, न्याय तथा संसदिय मामिला मन्त्रालय र महालेखा नियन्त्रक कार्यालय बाट पालोक्रम अनुसार १ जना (सचिव वा सहसचिव)<br>(४) कर्मचारी संचयकोष, राष्ट्रिय बीमा संस्थान र नागरिक लगानी कोषबाट शेयर स्वामित्वका आधारमा पालोक्रम अनुसार १ जना<br>ख) सर्वसाधारण शेयरधनीहरु मध्येबाट १ जना<br>ग) स्वतन्त्र व्यावसायिक सञ्चालक (चार्टर्ड एकाउण्टेण्ट वा वित्त विश्लेषक वा व्यवस्थापन विज्ञ) १ जना<br>(घ) स्वतन्त्र व्यावसायिक सञ्चालक (जलविद्युत विशेषज्ञ) १ जना | (सचिव वा सहसचिव)<br>(२) नेपाल सरकार, ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालयबाट १ जना (सचिव वा सहसचिव)<br>(३) नेपाल सरकार, कानून, न्याय तथा संसदिय मामिला मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयबाट पालोक्रम अनुसार १ जना (सचिव वा सहसचिव)<br>(४) कर्मचारी सञ्चय कोष, राष्ट्रिय बीमा संस्थान र नागरिक लगानी कोषबाट शेयर स्वामित्वका आधारमा आपसी सहमतिमा पालोक्रम अनुसार १ जना (कार्यकारी प्रमुख वा सो भन्दा एक तह मुनिको पदाधिकारी)<br>(५) संस्थापक समूह अन्तर्गतको उपसमूह क-२ का अन्य संस्थापक शेयरधनीहरुमध्येबाट निर्वाचित १ जना<br>(ख) समूह "ख" का सर्वसाधारण शेयरधनीहरु मध्येबाट १ जना<br>(ग) स्वतन्त्र सञ्चालक १ जना | को दफा ८६ को उपदफा (३) मा सात जनासम्म सञ्चालक भएमा कम्तीमा एक जना स्वतन्त्र सञ्चालक हुनुपर्ने व्यवस्था रहेकोले। |
| **नियम २८ मा संशोधन-**<br>सञ्चालक हुन लिनुपर्ने न्युनतम शेयर संख्याः यस कम्पनीको सञ्चालकको पदमा नियुक्त, मनोनयन वा निर्वाचित हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा न्युनतम १०० कित्ता | नियम २८-<br>सञ्चालक हुन लिनुपर्ने न्युनतम शेयर संख्याः यस कम्पनीको सञ्चालकको पदमा नियुक्त, मनोनयन वा निर्वाचित हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा न्युनतम १०० कित्ता | "व्यवसायिक" शब्द हटाई "स्वतन्त्र सञ्चालक" मात्र राखिएको। |

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुको कारण |
|---|---|---|
| शेयर लिएको हुनु पर्नेछ।<br>तर स्वतन्त्र व्यावसायिक सञ्चालकहरु र सङ्गठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकहरुको हकमा यो व्यवस्था लागू हुने छैन। | शेयर लिएको हुनु पर्नेछ।<br>तर, स्वतन्त्र सञ्चालक र नेपाल सरकार वा सङ्गठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागू हुने छैन। | |
| **नियम २९ मा संशोधन-**<br>शेयरधनी बाहेकको अन्य कुनै स्वतन्त्र व्यवसायिक सञ्चालक नियुक्त गर्ने भए निजहरुको संख्या, कार्यकाल, योग्यता तथा नियुक्ति प्रक्रिया सम्बन्धी व्यवस्था खुलाउनेः<br>(१) कम्पनीमा शेयरधनी बाहेकका देहायको योग्यता पुगेका चाटर्ड एकाउण्टेन्ट वा वित्त विश्लेषक वा व्यवस्थापन विज्ञ र जलविद्युत विज्ञ गरि दुईजना स्वतन्त्र र व्यवसायिक संचालकहरु रहने छनः—<br>(क) कम्तीमा ४० वर्ष उमेर पूरा भएको र ६० वर्ष ननाघेको,<br>(ख) उच्च दक्षता एवं नैतिकता प्रदर्शन गरेको<br>(ग) राजनैतिक दलको सदस्य नरहेको,<br>(घ) भ्रष्ट्राचार, सम्पत्ति शुद्धीकरण वा नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,<br>(ङ) बैंकको ऋण नतिर्नेको कालो सूचिमा समावेश नभएको, र<br>(च) व्यक्तिगत वेरुजू वा सरकारी रकम बक्यौता नरहेको।<br>(१क) उपनियम (१) मा उल्लिखित योग्यताको अतिरिक्त | नियम २९-<br>शेयरधनी बाहेकको अन्य कुनै स्वतन्त्र सञ्चालक नियुक्त गर्ने भए निजहरुको संख्या, कार्यकाल, योग्यता तथा नियुक्ति प्रक्रिया सम्बन्धी व्यवस्था खुलाउनेः<br>(१) कम्पनीमा शेयरधनी बाहेकका देहायको योग्यता पुगेको एकजना स्वतन्त्र सञ्चालक रहने छनः—<br>(क) नियुक्ति हुँदाका वखतमा कम्तीमा ४० वर्ष उमेर पूरा भएको र ६० वर्ष ननाघेको,<br>(ख) उच्च दक्षता एवं नैतिकता प्रदर्शन गरेको,<br>(ग) राजनैतिक दलको सदस्य नरहेको,<br>(घ) भ्रष्ट्राचार, सम्पत्ति शुद्धीकरण वा नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,<br>(ङ) बैंकको ऋण नतिर्नेको कालोसूचिमा समावेश नभएको, र<br>(च) व्यक्तिगत वेरुजू वा सरकारी रकम बक्यौता नरहेको।<br>(२) उपनियम (१) मा उल्लिखित योग्यताको अतिरिक्त स्वतन्त्र सञ्चालकको लागि देहायको शैक्षिक योग्यता र कार्य अनुभव | दुई जना स्वतन्त्र व्यवसायिक सञ्चालकको सट्टा एक जना स्वतन्त्र सञ्चालकको व्यवस्था रहने गरी मिलाइएको नियम २९ को उपनियम (१क) मा रहेको शैक्षिक योग्यता र अनुभवलाई ऐनले तोकेको मापदण्ड अनुसार मिलाई यसै उपनियममा उल्लेख गर्ने गरी संशोधन गरिएको। |

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुको कारण |
|---|---|---|
| देहायको संचालकको लागि देहायको शैक्षिक योग्यता र कार्य अनुभव हुनु पर्नेछः–<br>(क) स्वतन्त्र व्यवसायिक सञ्चालक<br>(चार्टर्ड एकाउण्टेन्ट वा वित्त विश्लेषक वा व्यवस्थापन विज्ञ) का हकमा व्यवस्थापन विषयमा मान्यता प्राप्त विश्वविद्यालयवाट कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा कम्तीमा ५ वर्षको कार्य अनुभव भएको वा चार्टर्ड एकाउण्टेन्सी उपाधि हासिल गरेको र सम्वन्धित क्षेत्रमा कम्तिमा ७ वर्षको कार्य अनुभव भएको, र<br>ख) स्वतन्त्र व्यावसायिक सञ्चालक<br>(जलविद्युत विशेषज्ञ)को हकमा जलविद्युतसंग सम्वन्धित विषयमा मान्यता प्राप्त विश्वविद्यालयवाट कम्तिमा स्नातकोत्तर उपाधि हासिल गरेको र जलविद्युत उत्पादन, प्रसारण वा वितरणको कार्यमा कम्तीमा ७ वर्षको अनुभव भएको ।<br>(२) स्वतन्त्र व्यवसायिक सञ्चालकहरुको नियुक्तिको लागि सञ्चालक समितिले योग्य व्यक्तिहरुको नाम चयन गरी नियुक्तिको लागि साधारण सभामा पेश गर्नु पर्नेछ । यसरी नाम तयार गर्दा जति जना सञ्चालक नियुक्ति हुने हो सो संख्याको कम्तीमा तेब्बर योग्य व्यक्तिहरुको नाम स्वतन्त्र व्यवसायिक सञ्चालक नियुक्तिको लागि साधारण सभामा प्रस्तुत गर्नु पर्नेछ ।<br>(३) स्वतन्त्र व्यवसायिक सञ्चालकहरुको नियुक्ति उपनियम | हुनु पर्नेछः–<br>(क) मान्यता प्राप्त विश्वविद्यालयवाट इञ्जिनियरिङ्ग, जलविद्युत, निर्माण व्यवस्थापन, बैंकिङ्ग, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, तथ्यांकशास्त्र, गणितशास्त्र, व्यापार प्रशासन, जनप्रशासन वा कानून विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको वा चाटर्ड एकाउण्टेन्सी उपाधि हासिल गरेको, र<br>(ख) कुनै विदेशी वा स्वदेशी बैंक वा वित्तीय संस्थामा लगानी व्यवस्थापनको क्षेत्रमा सञ्चालक वा पदाधिकारी तहमा कम्तीमा दश वर्षको कार्य अनुभव हासिल गरेको वा ऊर्जा उत्पादन/प्रसारण/परामर्श/विकाससँग सम्बन्धित सङ्गठित संस्थाको सञ्चालक वा पदाधिकारी तहमा कम्तीमा दश वर्षको कार्य अनुभव हासिल गरेको वा नेपाल सरकार वा नेपाल सरकार अन्तर्गतको सङ्गठित संस्थामा बैंकिङ्ग, ऊर्जा वा आर्थिक व्यवस्थापनको क्षेत्रमा अधिकृत प्रथम श्रेणी वा सो सरहको पदमा कम्तीमा तीन वर्षको कार्य अनुभव हासिल गरेको।<br>(३) स्वतन्त्र सञ्चालकको नियुक्तिको लागि सञ्चालक समितिले योग्य व्यक्तिहरुको नाम चयन गरी नियुक्तिको लागि साधारण सभामा पेश गर्नु पर्नेछ। यसरी नाम तयार गर्दा एक जना सञ्चालक नियुक्तिको लागि कम्तीमा तीन | |

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुको कारण |
| --- | --- | --- |
| (२) बमोजिम साधारण सभामा प्रस्तुत प्रस्तावमा उल्लेख गरिएका व्यक्तिहरुमध्येबाट गरिनेछ ।<br>(४) स्वतन्त्र व्यवसायिक सञ्चालकहरुको काम, कर्तव्य र अधिकार अन्य सञ्चालक सरह हुनेछ । | जना योग्य व्यक्तिहरुको नाम स्वतन्त्र सञ्चालक नियुक्तिको लागि साधारण सभामा प्रस्तुत गर्नु पर्नेछ।<br>(४) स्वतन्त्र सञ्चालकको नियुक्ति उपनियम (२) बमोजिम साधारण सभामा प्रस्तुत प्रस्तावमा उल्लेख गरिएका व्यक्तिहरुमध्येबाट गरिनेछ।<br>(५) स्वतन्त्र सञ्चालकको काम, कर्तव्य र अधिकार अन्य सञ्चालक सरह हुनेछ। | |
| **नियम ३० मा संशोधन-**<br>सञ्चालक पुनः नियुक्त हुन सक्ने वा नसक्नेः एक पटक सञ्चालक भईसकेको व्यक्ति सञ्चालकमा पुनः नियुक्त हुन सक्नेछ। | नियम ३०-<br>सञ्चालक पुनः नियुक्त हुन सक्ने वा नसक्नेः (१) एक पटक सञ्चालक भईसकेको व्यक्ति सञ्चालकमा पुनः नियुक्त हुन सक्नेछ।<br>तर, स्वतन्त्र सञ्चालक एक कार्यकालका लागि मात्र नियुक्त हुन सक्नेछ।<br>(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो व्यवस्था प्रारम्भ हुँदा बहाल रहेको स्वतन्त्र सञ्चालक सो पदमा नियुक्ति हुँदाका बखत कायम रहेको व्यवस्था अनुसार आफ्नो पूरा कार्यकाल पदमा बहाल रहन सक्नेछ। | बैंक तथा वित्तीय संस्थामा भएको व्यवस्था र अभ्यास कम्पनीले पनि अनुकरण गर्न उपयुक्त भएकोले। |
| **नियम ३१ मा संशोधन-**<br>सञ्चालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गर्ने भए सो खुलाउनेः समितिमा सञ्चालकहरुको नियुक्ति गर्दा समूहगत रुपमा प्रतिनिधित्व हुने गरी देहाय बमोजिम गरिने छः-<br>(क) संस्थापक समूह "क" मा २ वटा उप-समूह रहनेछ । | नियम ३१-<br>सञ्चालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गर्ने भए सो खुलाउनेः समितिमा सञ्चालकहरुको नियुक्ति गर्दा समूहगत रुपमा प्रतिनिधित्व हुने गरी देहाय बमोजिम गरिने छः-<br>(क) संस्थापक समूह "क" मा २ वटा उपसमूह रहनेछ। | नियमावलीको नियम २७ मा सञ्चालक समितिको गठन सम्बन्धी व्यवस्थामा भएको संशोधन अनुसार मिलाइएको। |

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुको कारण |
|---|---|---|
| उप-समूह "क-१"बाट ३ जना र उप-समूह "क-२" बाट १ जना गरी जम्मा ४ जना सञ्चालकहरु आपसी समझदारीबाट मनोनित वा निर्वाचित हुनेछन्। कुनै उप-समूहमा आपसी सहमती हुन नसकी निर्वाचन हुने भएमा सोही उप-समूहका संस्थापक शेयरधनीहरुको मात्र सो उप-समूहमा मतदान गर्ने अधिकार हुनेछ ।<br>(ख) समूह "ख" का सर्वसाधारण शेयरधनीबाट निर्वाचित १ जना। | उपसमूह क-१ बाट मनोनित ३ जना, उपसमूह क-२ मा रहेका कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष र राष्ट्रिय वीमा संस्थानमध्येबाट आपसी सहमतिमा पालोक्रम अनुसार मनोनित १ जना र उपसमूह क-२ मा रहेका अन्य संस्थापक शेयरधनीहरुबाट निर्वाचित १ जना गरी जम्मा ५ जना सञ्चालकहरु हुनेछन्। कुनै उपसमूहमा आपसी सहमती हुन नसकी निर्वाचन हुने भएमा सोही उपसमूहका शेयरधनीहरुको मात्र सो उपसमूहमा मतदान गर्ने अधिकार हुनेछ। उपसमूह क-२ अन्तर्गतका अन्य संस्थापकलाई छुट्याइएको सम्पूर्ण शेयर चुक्ता भए पश्चात त्यस्ता संस्थापक शेयरधनीबाट सञ्चालक समितिमा प्रतिनिधित्व हुनेछ।<br>(ख) समूह "ख" का सर्वसाधारण शेयरधनीबाट निर्वाचित १ जना। | |
| **नियम ३८ मा संशोधन-**<br>साविकमा व्यवस्था नरहेको- | नियम ३८ को उपनियम (८) पछि देहायको उपनियम (९) थप गर्ने-<br>(९) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालकहरुले विद्युतिय माध्यमको प्रयोग गरी अभौतिक रुपमा उपस्थिति जनाई सञ्चालक समितिको बैठक बस्न सक्नेछ। | अभौतिक रुपमा सञ्चालक समितिको बैठक बस्नुपर्ने आवश्यकतालाई मध्यनजर गर्दै व्यवस्था गरिएको। |
| **नियम ४९ को उपनियम (१) मा संशोधन-**<br>(१) यो कम्पनी ऐन अन्तर्गत कम्पनी रजिष्ट्रारको कार्यालयमा | नियम ४९ को उपनियम (१)-<br>(१) यो कम्पनी कम्पनी ऐन, २०६३ अन्तर्गत कम्पनी | जलविद्युत मात्रको सट्टा जलविद्युत र नवीकरणीय ऊर्जा समेटिएको। |

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुको कारण |
|---|---|---|
| पब्लिक लिमिटेड कम्पनीको रुपमा संस्थापित भई ऐन अन्तर्गत रही यसले जलविद्युत उत्पादन, प्रसारण वा वितरणमा लगानी एवं विकासका लागि मात्र आवश्यक कारोबार गर्नेछ। | रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा संस्थापित भई ऐन अन्तर्गत रही यसले जलविद्युत तथा नवीकरणीय उर्जा क्षेत्रमा लगानी एवं विकासका लागि मात्र आवश्यक कारोबार् गर्नेछ। | |